# झुलेनी पोष्ट
www.jhulenipost.com

वर्ष ८, अंक ९ २०७८ भाद्र २९ मंगलवार (Jhuleni Post Weekly) 14 Sept.2021, पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



**कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं**

- श्वास फेर्न धेरै गाह्रो भए,
- निन्द्रा नलाग्ने, तनाव महसुस,
- धेरै थकाई र कमजोरी महसुस भए,
- थोरै हिँड्दा स्वाँ स्वाँ बढे, एकाएक रक्त चाँप घटबढ भए,

सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भालुवाङ-प्यूठान सडकमा सकस

## गाडि बढे, सडक बढेन : वर्षातमा झन सास्ती

झुलेनी पोस्ट/प्यूठान

भालुवाङ-प्यूठान सडकमा सुधारको काम अलपत्र परेपछि सर्वसाधारणले सास्ती सहनु परेको छ। वर्षौं पहिले निर्माण भएको सडक फराकिलो बनाउने काम निकै सुस्त गतीमा भइरहेको छ । यो सडकमा यात्र गर्ने पात्रुले निकै दु:ख पाइरहेका छन । सडक बिग्रने गरि स्थानीय तहरुले सडक निर्माण गरेका छन । स्थानीयले सडक किनारमा घडेरी निर्माण गर्ने, निर्माण सामग्री सडकमै राख्ने लगायत कारणले यो सडक दिनदिनै बिग्रदै गइरहेको छ। सरोकारवाला निकायको ध्यान पुग्न सकेको छैन ।



भालुवाङ-प्यूठान सडक खण्डको बड्डाँडा क्षेत्रमा गएको पहिरो । तस्विर : झुलेनी पोस्ट

घरघडेरी निर्माण र बिग्रको सडकले गर्दा यातायातका साधन सञ्चालनमा समस्या हुने गरेको छ । कतिपय स्थानमा एकतर्फी मात्र सवारी चल्न समेत कठिन छ। बर्षाको समयमा ठाउँठाउँमा पहिरो गएको, भास्सियको कारण समस्या भएको सडक डिभिजन कार्यलय प्यूठानका इन्जिनियर अरुण केसीले बताए । 'भास्सिएको ठाउँमा प्लास्टीक राखेर सडक बचाउन कोसीस गरेका छौ,' केसीले भने, 'हिउद लाग्यो भने बिग्रेका मुख्य मुख्य ठाउमा निर्माण थाल्ने छौ ।' ०४४ सालमा ट्र्याक खोलिएको सडक फराकीलो बनाउने ठोस योजना अहिलेसम्म कार्यान्वयन भएको छैन । ०६५/०६६ मा वटासिल कालोपत्रे समेत साँघुरै सडकमा भएकाले जोखिम बढेको हो । सडक ऐन ०३१ ले व्यवस्था गरेको जिल्ला सडकको सेन्टर प्वाइटबाट दायाँ/बायाँ १५ मिटर कायम समेत अहिलेसम्म भएको छैन । २१ मिटरको कुराले स्थानीयलाई झस्काउने काम मात्र भएको छ । यो सडकको लगतकत्ता समेत भएको छैन। सडकमै निर्माण सामाग्री राखिएको र सडक क्षेत्रमै ढ्याब्री, टहरा निर्माण गरेर स्थानीय व्यापारीले व्यापार गर्दा सडक झन साघुँरो हुँदै गएको छ । बिजुवार मित्रमणी चोकदेखि प्रहरी चौकीसम्म दिनहुँ सवारी चाँप हुने गर्छ । नौबहिनी गाउँपालिकाको फोप्ली लुप्लुङबाट चुनढुंगा निकासी हुन थालेपछि धैरै टिप्परहरु चल्दा झन समस्या हुने गरेको सवारी चालकहरु बताउँछन । यो सडकमा विहान ९ देखि ११ र बेलुका ५ देखि ७ बजेसम्म सडकमा धैरै गाडिहरु ओहोर/दोहोर गर्ने जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । नदिको किनार, घुम्ती धेरै, साघुँरो सडकमा स्पिड धैरै लगायत कारणले सडकमा जोखिम धैरै रहेको प्रहरीको भनाई छ । सडक क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गर्दा सडक बिग्रेका कारण जोखिम बढेको प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले बताए। गत आर्थिक वर्षमा सडक सुधार गर्न भनेर आएको १० करोड रुपैयाँ काम पूरा हुन सकेन। ढिलो गरि बजेट आएकाले वर्षा लागेका कारण बिनियोजन भएको रकम बराबरको काम गर्न नसकिएको सडक डिभिजन कार्यालय प्यूठानले जनाएको छ । ठेक्काबाट काम भएकाले बाँकी काम यो आर्थिक वर्षमा हुने कार्यालयका भनाइ छ। १० करोड मध्ये ३ करोड बराबरको काम सम्पन्न भएको छ । सडकमा यो बाहेक यस आर्थिक वर्षका लागि भालुवाङ-चकचकेसम्मको लागि १० करोड र चकचके रोल्पा लिवाङ सम्मको लागि ५ करोड रुपैया बजेट आएको सडक डिभिजन कार्यालय प्यूठानले जनाएको छ ।

## जीवनको रंग

# रातामाटामा नमुना नर्सरी
# जसले बेर्ना बेचेरै पक्कि घर बनाए

एलबी थापा
प्यूठान

तरकारीका बेर्ना उमारेरै यहाँका किसान लोकराज पोखेलले वार्षीक लाखौ कमाउँछन्। स्कूल पढ्दाको उमेरदेखि कृषि कर्ममा पौरख थालेका पोखरेल यो ब्यवसायबाट नाम र दाम दुवै कमाएका छन्। पढाई खर्च जुटाउन प्याज, गोपी र काउलीका बेर्ना उमार्न थालेका उनी ५१ वर्षको उमेरसम्म आम्दानीको प्रमुख स्रोत यही बनाएका छन्। 'रातामाटा पढ्दा १३ वर्षको हुँदो हुँ' उनले भने, 'जीवनभर यहि पेशा गरौला भन्ने सोचेकै थिएन,' घरको आर्थिक स्थिती कमजोर हुँदा बाध्यताले पढाई खर्च जुटाउन नर्सरी थालेको हुँ। यहि कामले नै जीवन बित्ने भो', उनले भने। यहि पेशाबाट कमाएको पैसाले उनको घरव्यवहार चलेको छ । नर्सरीमा राखेका बिरुवा बेच्ने र बढी भएका बिरुवा आफ्नै खेतबारीमा लगाउने गरेका छन् । 'मैले नर्सरी स्थापना गर्दा



जिल्लामा अरु कसैको पनि थिएन', पोखेलको भनाई छ । जिल्लामा बेर्ना उमार्ने पेशामा पोखेल सबैभन्दा अब्वल मानिन्छन्। मौसमी, बेमौसमी दुवै खेती गर्दै आएका पोखेलले प्यूठान नगरपालिका ३ बिजयनगरमा ५ रोपनी क्षेत्रफलमा नर्सरी र तरकारी खेती छ । अहिले उनका नर्सरीमा प्याज, ब्रो काउली, फुल काउली, टमाटर, खुर्सानी लगायतका बेर्ना बेच्नका लागि तयारी अवस्थामा छन् । 'अहिले १ रोपनी क्षेत्रफलमा ३० किलो बिउको प्याज उमारेको छुँ', उनले भने, 'जिल्ला भित्र र बाहिरबाट पनि अर्डर आएको छ ।' बिरुवा बेच्न बजारको अभाव छैन उनलाई । बिजयनगर, दाखाक्वाडी, खैरा, टारी, बिजुवार, पुण्यखोला, बारदुला, बड्डाँडा,

बाँकी ७ पेजमा.....

## हाम्रो नजर

# खेलाडी बिनाका खेलमैदान

*प्रदेश सरकारको सहयोगमा करोडौं खर्च गरेर स्थानीय तहले निर्माण गरेका खेलकुद मैदान प्रयोगमा आएका छैनन् । खेलकुद क्षेत्रलाई दिगो रुपमा विकास गर्ने ठोस योजना भन्दा बजेट खर्च गरिहाल्ने परिपाटीतर्फ स्थानीय तहरु लागेका कारण कारण स्थानीय तह मार्फत निर्माण गरेका खेल मैदान प्रयोग विहीन छन् । प्रदेश सरकारले दुइ वर्ष पहिले गाउँपालिकालाई ३६ लाख र नगरपालिकालाई ७५ लाख रुपैयाँका दरले मैदान निर्माण गर्न बजेट पठाएको थियो ।*



नौबहिनी गाउँपालिका खवाङमा निर्माण गरीएको खेल मैदान

*गत आर्थिक वर्ष प्रदेश सरकारले जिल्लाका केहि स्थानीय तहलाई समपूरक कोष मार्फत समेत बजेट पठाएको थियो । स्थानीय तहले आफूले पनि थप बजेट विनियोजन गरेर काम गरेका थिए । नौबहिनी गाउँपालिकाले वडा नम्वर ४ खवाङ स्थित जंगलको विचमा खेल मैदान निर्माण गरेको थियो । बजार र बस्ती भन्दा धेरै टाढा निर्माण भएको खेलमैदान प्रयोगमा छैन । प्रदेशबाट प्राप्त भएको ३६ लाख मध्ये २ लाख रुपैयाँ डिपीआरमा खर्च गरी बाँकी ३४ लाख रुपैयाँ उपभोक्ता मार्फत निर्माण गरेको खेल मैदान खेलाडी विहिन छ । गौमुखी गाउँपालिकाले वडा नम्वर ५ खुङ स्थित रुपाचौरमा प्रदेश सरकारको ३६ लाखमा*

बाँकी ५ पेजमा....

# लाइन विस्तारले आशा लाग्यो



*प्यूठान नगरपालिका-८, स्थित दम्तीमा सबस्टेसन निर्माण भएको धेरै भइसकेको छ । सबस्टेशन सम्म प्युाउने विद्युत लाइन विस्तारको काम समयमै हुन नसकेकाले सबस्टेशन सञ्चालनमा ढिलाइ भएको थियो । सबस्टेशन सम्म विद्युत लाइन विस्तार गर्ने ठेकेदार सम्पर्क विहिन थिए । ठेकेदारलाई प्रशासनबाट निरन्तर ताकेता गरेपछि हिजोआज कामले निरन्तरता पाएको हो ।*

*झिमरुक नदि किनारै/किनार तार तान्ने काम भइरहेको देखिन्छ । नेपाल विद्युत प्राधिकरण लुम्बिनी प्रदेश डिभिजन कार्यालय नेपालगञ्जले लाइन विस्तारको काम चाडै सक्न निर्माण कम्पनी त्रिपुरेश्वर कन्डक्टर जय दुर्गे जेभिलाई चेतावनी सहित ताकेता गरेको थियो । काम नथाले कार्वाही अगाडी बढाउने भनेपछि निर्माण व्यवसायीले ३२ केभिए डबल सर्किट लाइन विस्तारको काम थालेको हो । ११ केभिएको फिडरको कामलाई समेत अगाडी बढाएको छ । अहिले प्यूठानमा ३३ केभिए बाटै विद्युत आपुर्ति गरीदै आइएको छ ।*

*सब स्टेसन संचालनमा आए ११ केभिएबाट लाइन वितरण गरिने छ । सबस्टेसन संचालनमा ढिलाई हादा प्यूठानीहरुले विद्युत अनियमितताको समस्या समेत भोगीरहेका छन् । सब स्टेशन चालु भए यो समस्या समाधान हुने भनिएको छ । लाइन विस्तारको काम भइहेको देखा तिहारको औंशी सम्म सबस्टेशन सञ्चालनमा आउने र औंशीका रात उज्यालो हुने आशा प्यूठानीले गरेका छन् ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## बाल अधिकार कार्यान्वयनमा ध्यान दिऔं

*आज भदौ २९, अन्तर्राष्ट्रिय बाल दिवस। नेपालले संयुक्त राष्ट्रसंघको 'बाल अधिकार महासन्धि, १९८९' लाई २०४७ साल भदौ २९ गते अनुमोदन गरे पश्चात् हरेक वर्ष भदौ २९ गतेलाई अन्तराष्ट्रिय बाल दिवसको रूपमा मनाउँदै आइन्छ। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भनि संयुक्त राष्ट्र संघले सन् १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरेको थियो। यसपछि हरेक वर्ष यो दिवस मनाउन थालिएको हो।*

*महासन्धिले बालबालिकालाई जाति,वर्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचारको आधारमा भेदभाव गर्न नहुने, बाल अवस्थालाई विशेष स्याहार र सहयोग आवश्यक पर्ने हुनाले बाल बालिकाको विकास र कल्याणको लागि परिवारका सदस्य र समुदायले शान्ति, सम्पत्ति, सहिष्णुता, समानता र एकताको भावनाले प्रेरित भई संरक्षण र लालनपालन गर्नुपर्ने भनेको छ। मानसिक अपरिपक्कताका कारण बालबालिकालाई जन्मनु अघि र जन्मे पछि पनि विशेष हेरचाह तथा उचित कानूनी संरक्षणको आवश्यक पर्ने हुँदा बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्णरुपले समर्थ बनाइनु पर्ने हुन्छ। विभिन्न जोखिम र कठिन अवस्था रहेका बालबालिकालाई विषेश संरक्षण र सहयोग दिइनु पर्दछ। बाल अधिकारहरु बाल बचाउ, बाल संरक्षण, बालबिकास र बाल सहभागिता समेतको आधारमा व्यापक दायरामा समेटी नेपालको संविधान (२०७२) ले बालबालिका सम्बन्धी ऐन नियमहरू, राष्ट्रिय नीति आवधिक एवं वार्षिक योजना र कार्यक्रम तथा संस्थागत व्यवस्था भित्र समावेश गरेको छ। बालबालिकाको शारिरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा सकारात्मक सुधार र परिवर्तन गर्ने उद्देश्यले हाम्रा सामूहिक प्रयास र कार्यक्रमबाट मिश्रित उपलब्धि हासिल गर्न सकिन्छ। नेपालमा बालबालिकाको क्षेत्रमा भएका उपलब्धि मापन गर्ने विभिन्न सुचकहरु केहि बढ्दै गएका छन्। यसले बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण र सहभागिताको स्थितिमा क्रमिक सुधार हुँदै आएको देखिएतापनि विभिन्न कारणले हाम्रा बालबालिकाहरूले भोग्नु परेका समस्या, अभाव, असुविधा र जोखिमको तुलनामा नीतिगत, कार्यक्रमगत तथा संस्थागत प्रयासहरू गर्नु बाकी छन्।*

*हाम्रो देशमा अझै गरिव र सिमान्तकृत समूहका बालबालिकाको अवस्था कहाली लाग्दो छ। वर्गीय, जातीय एवं लैङ्गिक विभेदका कारण बालबालिकाको स्थिति नाजुक बन्न पुगेको छ। अनौपचारीक एवं असंगठित श्रम क्षेत्रका बालबालिकाको दैनिकी अझै पेचिलो छ। वैदेशिक रोजगारीले भित्रिएको क्षणिक खुशीको तुलनामा भुसको आगो झै सल्किदै गएको पारिवारिक विखण्डन, सामाजिक विसंगति र सांस्कृतिक विचलनले बालबालिकामा पारेको असर र प्रभाव अझै डरलाग्दो छ। एकातिर समाजमा विद्यमान कुरीति र कुसंस्कारको कारण विवाह जस्तो नैसर्गिक अधिकारबाट बञ्चित भई बालबालिकाहरू बाल विवाहको चपेटामा परेका छन्। बाल अधिकार प्रवर्द्धन र सुनिश्चितताको लागि अनुकुल वातावरण र बालमैत्री अवस्था सिर्जना गर्नु सबैको साझा दायित्व हो। अन्तर्राष्ट्रिय बाल दिवस मनाईरहँदा बालबालिका प्रति हामी इमान्दार, जिम्मेवार, संवदेनशिल, प्रतिवद्ध र उत्तरदायी बन्न सिकौं। नेपालले बाल अधिकार प्रत्याभूत गर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा प्रतिबद्धताहरूमा पनि हस्ताक्षर गरिसकेको छ।*

*नेपालको संविधान र कानूनले बाल अधिकार सुनिश्चितताको स्पस्ट व्यवस्था गरेको छ। यी प्रावधानहरूको अक्षरशः कार्यान्वियन गर्नु आजको प्रमुख दायित्व हो। बालबालिकाको हकहित, संरक्षण तथा संवर्द्धन गर्नका लागि तीनै तहका राज्यका संरचना, अभिभावक, विद्यालय र समग्र समाजको भूमिका अपरिहार्य हुन्छ। यसका लागि बालमैत्री नीति तथा कार्यक्रम बनाउन बालअधिकारको पक्षमा काम गर्ने सबै सरोकारवालाहरूले थप प्रतिवद्धता र क्रियाशीलताका साथ बालबालिकाको गुणात्मक विकासमा निरन्तरता दिदैं अगाडी बढ्नु नै अहिलेको मुख्य आवश्यकता हो। सबै बालबालिकाहरुलाई अन्तर्राष्ट्रिय बाल दिवसको शुभकामना।*

# कोरोना महामारीपछि अबको कृषि

"विश्वका विकसित देशहरुमा बन्दाबन्दीको समयमा समेत आर्थिक क्रियाकलाप स्वचालित रहेको हुँदा खासै ठूलो असर नपरे तापनि नेपाल जस्तो विकाशिल देशमा भने यसको प्रभाव र नकरात्मक असर प्रशस्त देख्न पाइन्छ। जुन आ.व. २०७७/०७८ को आर्थिक बृद्धिदर तथा अन्य सुचकहरुबाट प्रस्ट देख्न सकिन्छ।"



**नोमराज शर्मा (पौडेल)**

सन् २०१९ को डिसेम्वरबाट विश्व जगतमा देखा परेको कोरोना महामारीले आफ्नो करिव २ वर्षे यात्रा पुरा गर्न लागेको वर्तमान परिप्रक्ष्यमा अझै यो महामारीका कतिऔं लहर आउने हो भन्ने एकिन गर्न सकिएको छैन। यो दुई वर्षको अवधि लकडाउन र बन्दाबन्दीमै आम मानिसहरुले बिताउनुपरेको देखिन्छ। यसरी बन्दा बन्दी हुँदा देशमा आर्थिक क्रियाकलाप, कलकारखाना तथा उत्पादनशिल क्षेत्र लगायतका सम्पूर्ण आर्थिक गतिविधि धरासयी बनेका छन् भने आम्दानीको स्रोत बन्द हुँदा विश्वकै आर्थिक अवस्था घट्दो अवस्थामा रहने आकलन सहजै गर्न सकिन्छ।

विश्वका विकसित देशहरुमा बन्दाबन्दीको समयमा समेत आर्थिक क्रियाकलाप स्वचालित रहेको हुँदा खासै ठूलो असर नपरे तापनि नेपाल जस्तो विकाशिल देशमा भने यसको प्रभाव र नकरात्मक असर प्रशस्त देख्न पाइन्छ। जुन आ.व. २०७७/०७८ को आर्थिक बृद्धिदर तथा अन्य सुचकहरुबाट प्रस्ट देख्न सकिन्छ। कोरोना महामारीका यस्ता लहर अझै कति वर्ष आउने हो पक्का नहुँदा अर्थतन्त्रमा अझै कति समय यहि अवस्था रहने हो भन्न सक्ने अवस्था छैन।

यस्तो अवस्थामा अर्थतन्त्रलाई चलायमान राख्न अवको बाटो केत भन्ने प्रश्न तेर्सिएको छ। अर्थतन्त्रलाई दिगो रुपमा बचाई राख्न उत्पादनशिल क्षेत्रमा लगानी र अवको प्राथमिकता नेपालको सन्दर्भमा कृषि क्षेत्र नै हो भन्ने लगभग निश्कर्ष मै पुगेको देखिन्छ। किनकी रोजगारीका शिलशिलामा बजार बसेकाहरु लकडाउनका कारण गाउँमा फर्किएर खेतीवाली गर्न लागेको कुरा एउटा सानो उदाहरण हो। तर हालसम्म ठूलो लगानी रहेको कृषि क्षेत्रलाई दिगो तथा परिणाममुखी बनाउन के कस्ता कदम चाल्ने त ? यो आजको अर्को प्रमुख प्रश्न हो। कोरोनाले असर पारेको यो स्थितीबाट पहिलेकै अवस्थामा फर्काउन निकै ठूलो स्रोत प्रत्यन र समय आवश्यक पर्ने भयता पनि तुलनात्मक रुपमा हाम्रो जस्तो विकासशिल तथा कृषि प्रधान देशमा यस महामारीको समुचित व्यवस्थापन गर्दै समयमै योजनावद्ध कार्य प्रारम्भ गर्न सकेमा बाह्य मुलुकसँग निर्भर नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर, स्थायी र दिगो अर्थतन्त्रको जग हाल्ने अवसरको रुपमा अगाडी बढाउन सक्ने प्रशस्त संभावना छन्।

हाल सम्मको तथ्यांकलाई विश्लेषण गर्दा बन्दाबन्दीको कारण किसानले कुखुरापालन र दुग्ध क्षेत्रमा ठूलो क्षति व्योहोरेको तथ्यांक देखिन्छ। कुखुरापालन क्षेत्रमा १ दिनमा करिव १५-२० करोड क्षति रहेको तथ्यांकले देखाउँछ। करिव ४५ लाख नेपाली नेपाली श्रम बजारमै अर्ध बेरोजगार भएका छन् भने जम्मा ४५ लाखमध्ये ठूलो संख्यामा देश फर्किएका छन्। स्वदेशमै रोजगारी मार्फत उनीहरुको समुचित व्यवस्थापन गर्न सके यसबाट आर्थिक तथा सामाजिक विकासमा ठूलो टेवा पुग्ने कुरामा दुई मत छैन।

एकतर्फ १० लाख हेक्टर खेती योग्य जमिन बाँझो छ भने अर्को यही उत्पादन बाहिरी देशबाट आयात भइरहेको छ। त्यसैले यस महामारीबाट भएको आर्थिक क्षतिपुर्तिको लागि सहजै जमिनको उपयोग र श्रमशक्तिको उपयोगबाट कुल ग्राहस्त उत्पादनको करिव २८ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा भएको क्षतिलाई कम गर्दै उत्पादन भण्डारण र वितरण प्रणालीलाई थप व्यवस्थित बनाउने उपयुक्त कमद चाल्नुपर्ने हुन्छ। जनतामा पोषणयुक्त तथा गुणस्तरीय खाद्यको नियमित पहुँच सरकारको संवैधानिक तथा नैतिक दायित्व हो।

तसर्थ प्रचुर संभावना रहेको यस क्षेत्रको विकासका लागि कृषि तथा पशुपंक्षि विकास मन्त्रालयले अघि सारेका उत्पादन सामग्रिमा अनुदान, सुलभ ऋण, सबै किसानहरुलाई प्राविधिक सेवा, बाली वस्तुको विमा जस्ता आधारभूत कुराहरुको कार्यन्वयन गर्नु पहिलो कदम हो। र यसको कार्यन्वयनका लागि तिनै तहका सरकार, सरकारी तथा निजी क्षेत्रको भूमिकालाई संयोजन गर्दै निम्न कार्यक्रमहरु संचालन हुनुपर्ने देखिन्छ।

**कसले के गर्ने ?**

स्थानीय स्तरमा नै व्यापक र नियमित रुपमा माटोको उर्वराशक्ति जाँच गर्ने माटो परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन, त्यसको नक्सा (सोसल म्यापिङ) तथ्यांक र भौगोलिक सूचना प्रणालीको स्थापना र प्रयोग, बिउको उमार क्षमता र चिस्यानको गुण परीक्षण गर्ने प्रयोगशाला स्थापना र सञ्चालन, बिउ बैंकको स्थापना, पशु स्वास्थ्य प्रयोगशालाको स्थापना, सञ्चालन र उपचारको प्रबन्ध, खाद्य गुणस्तर प्रयोगशाला स्थापना र सञ्चालन, विषादी परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन, टिस्यु कल्चर प्रविधिबाट बिउ उत्पादन (स्थानीय तहहरुको साझेदारीमा) र वितरण, निर्यातमुखी व्यावसायिक परिमाणमा तरकारीको बिउ उत्पादन, भण्डारण र प्रशोधन र बजारीकरण, मौरी तथा रेशम फूल आयात निर्यात गर्दा रोगका जीवाणु ओसार पसार नहुने गर्न क्वारेन्टाइनको व्यवस्था, पीपीआर, खोरेत नियन्त्रण, एन्टिरेबिज भ्याक्सिन, जापानी इन्सेफ्लाइटिस, पशुबाट मानिसमा सर्ने मासुजन्य रोग (जुनोटिक) को निगरानी र नियन्त्रणका आबश्यक योजना तथा जनशक्ति बनाउनु पर्दछ।

कृषि उपजको गुणस्तर कायम राख्नका लागि शीत भण्डार, चिस्यान केन्द्र, संकलन केन्द्र, गोदाम घर र रेफ्रिजेरेटर जडित ढुवानी साधनको व्यवस्थाका लागि सहयोग गर्नुपर्छ। असन्तुलित जीवनाशक विषादी, एन्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगबाट मानव तथा वातावरणीय स्वास्थ्यमा पुगेको असर न्यूनीकरण गर्ने कार्यका लागि पनि सहयोग गर्नुपर्छ। कृषि विकासका लागि उल्लेखित कार्यका अतिरिक्त सडक, सिंचाई, उन्नत बिउ/नश्ल, प्रविधि, मल, बिमा, कृषि बजार र यान्त्रीकरण आदि एकिकृत रुपमा सञ्चालन गर्नु पर्दछ।

घाँस र परालको पौष्टिकताको निम्ति च्याफकटर मेसिन, हरियो घाँसलाई साइलेज बनाई संरक्षण गर्न साइलोपिट निर्माण, आलुको ब्याड बनाउने मेसिन, धान काट्ने रिपर, थ्रेसर, पावरटिलर, कफी व्यवसायका लागि पल्पिङ, हलिङ, ग्रेडिङ र रोस्टरका लागि औजार र उपकरणको व्यवस्था गर्नुपर्छ।

चिया, कफी, अलैची, अदुवा, लसुन, खुर्सानी, बेसार तथा फलफूल आदिको ग्रेडिङ, प्याकेजिङ, ब्रान्डिङ र प्रशोधनका लागि स्थानीय सरकारमार्फत कार्यक्रम सञ्चालनमा सहयोग गर्नुपर्छ। फलफूल, डालेघाँस, चिया, कफी, अलैंची आदिको लागि नर्सरी स्थापना र व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पनि स्थानीय सरकारलाई सहयोग गर्नुपर्छ।

भूमिहीन तथा साना किसानका लागि वनको प्रकृति अनुसार दिगो व्यवस्थापन गर्ने गरी बाख्रापालन, फलफूल उत्पादन, लहरे तरकारी खेती, जमिनमुनि उत्पादन हुने तरुल, सखरखण्ड, पिँडालु, इस्कुस, भुइँस्याउ (ग्राउण्ड एपल), चिया, कफी, बहुवर्षे फूल खेती, अम्रिसो, भुइँघाँस, डालेघाँस तथा बहुमूल्य श्रीखण्ड, रुद्राक्ष, हर्रो, बर्रो, अमला, असुरो आदि प्रजातिका रुख उत्पादन र व्यवसाय गर्न करार (लिज) मा जमिन उपलब्ध गराउन सक्नु पर्दछ।

जैविक मल, भकारो सुधार, आधुनिक गोठ निर्माण, दुग्ध उत्पादन, मासु उत्पादन, जैविक खेती तथा माछा, कुखुरा, कालिज, खरायो, बाख्रा, गाई, भैसी, बंगुर आदिका व्यावसायिक खेतीको विकास र विस्तार गर्न वित्तीय स्रोत, प्रविधि, प्राविधिक जनशक्ति र क्षमता विकास कार्यक्रम संचालन हुनुपर्छ।

खाद्यान्नमा धान, मकै, गहुँ, कोदो, फापर, जौ, चिनो, उवा आदि खाद्यान्नको उत्पादन र उत्पादकत्व वृद्धि, प्रशोधन, ग्रेडिङ, ब्रान्डिङ र प्याकेजिङका काम पनि स्थानीय सरकारबाटै गर्न सहयोग गर्नुपर्छ। स्याउ, सुन्तला, अनार, केरा, लिची, आँप, अम्बा, कटहर, भुइँकटहर, किबी, कागती, एभोकाडो, शील चिनी (मोरंगा), मधेसी बदाम, मेकेडेनिया नट, हलुवावेत, नास्पाती, आलुबखडा, जामुन, अंगुर आदिको खेती पनि स्थानीय विशेषताका आधारमा स्थानीय तहबाट सञ्चालन हुनुपर्दछ। यदि कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गरी रोजगार सिर्जना, उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गर्न स्थानीय तहमा उल्लिखित अधिकार, स्रोत र जनशक्तिको व्यवस्था गर्नुपर्छ। यी उल्लेखित कार्यका अतिरिक्त मल, बिउ,

बाँकी ७ पेजमा.....

## प्यूठान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बिजुवार,प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

**अनुसूची–२ क**
**(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)**
**नदी जन्य पदार्थको विक्रीका लागि बोल पत्र आव्हान सम्बन्धी सूचना**
**(दोस्रो पटक प्रकाशित मिति : २०७८/०५/२९**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस प्यूठान नगरपालिका वा आर्थिक ऐन,२०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदी जन्य पदार्थ उत्खनन् गरी प्यूठान नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउ पत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम घ.मि. | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.क. बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०१/MUN/ २०७८/७९ RM | बेलुवा घाटगढ्डी (सालघारी, फुलघाट, खैरा, बेलुवा जुम्री दोभान सम्म) | ३१८६ | ९००००० | कबोल गरेको अंकको ५ प्रतिशत | १००० |
| २ | ०२/MUN/ २०७८/७९ RM | बिजुवार घाटगढ्डी (जुम्री दोभानदेखिसत्तरी सम्म, जुम्री दोभान देखि ढुंगेठाटी सम्म) | २८३२ | ८००००० | कबोल गरेको अंकको ५ प्रतिशत | १००० |
| ३ | ०३/MUN/ २०७८/७९ RM | टिकुरी घाटगढ्डी (सत्तरी देखि बाग्दुला पक्की पुल, सारीबांग क्षेत्र) | २४७८ | ७००००० | कबोल गरेको अंकको ५ प्रतिशत | १००० |
| ४ | ०४/MUN/ २०७८/७९ RM | सिसौघारी घाटगढ्डी (बाग्दुला पुल देखि धाइरे सम्म, हाडीगैरा मरण्ठाना क्षेत्र) | २१२४ | ६००००० | कबोल गरेको अंकको ५ प्रतिशत | १००० |

**शर्तहरू :**

- फर्मको हकमानबीरकरणभएको दर्ता प्रमाणपत्र, मूल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा नेपाल बैंक शाखा कार्यालय बिजुवारमा रहेको यस कार्यालयको राजश्व खाता नं. २८१०३०००००१००१०००००१ ग १–१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खिरद गर्न सकिनेछ । दरभाउ पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
- दरभाउ पत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मा( न्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक बिजुवारमा रेहको धरौटी खाता नं. २८१०३००००३०००००००००१ ग ३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र प्याकेज नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दीखाम साथ पेश गर्नुपर्नेछ ।
- खरिद गरेको दरभाउ पत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो.१२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आ( एका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनविदा परेमो सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिनको २ बजे प्यूठान नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्र दाताहरुले उक्त बैठकमा भागलिन यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिका बाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्यहुने छैन । बोलपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ दिन भित्र संझौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्य सम्पादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य सम्पादन जमानत लिई कबोल अंकको प्रथम किस्ता बापत २० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने नगद रकममा मु.अ.क. समेत मिति २०७८।१२।३० गते भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । र अन्तीम किस्ता २०७९/०२/२० गते भित्र बुझाउन पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपदाताले छुट्टै बुझाउनु पर्नेछ ।
- तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलत्रप बन्दोबस्त गरिनेछ । नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएको कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा कार्यबिधि मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

*नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : www.pyuthanmun.gov.np मा समेत हेर्न सकिनेछ ।*

थानेश्वर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

छोटकरी

# डामृमा लोपोन्मुख हात्ति (माउते) नाँच

तेजेन्द्र बिए.म.
प्यूठान

तीज पर्वको बेला देखाइने लोपोन्मुख हात्ति (माउती) नाँच प्यूठानको नौबहिनी-५, डामृमा तीज पर्वको अवसर पारेर यस वर्ष पनि देखाइएको छ । पश्चिम नेपालको पहाडि भेगमा नाचिने हात्ति नाँच ठूलो डामृ, सानो डामृ, डामृ पोखरमा स्थानीयले देखाएका छन् । डामृमा यो नाँच हरेका वर्ष तीवको अवसर पारेर देखाउने चलन रहेको नौबहिनी ५ डामृका वडाध्यक्ष अनबहादुर


प्यूठान डामृमा नाचिने हात्ति (माउते नाच)

घर्ती मगरले जानकारी दिए । हात्ति नाँच एक पौराणिक संस्कृती हो । सयौं वर्षअघि देखि यो नाँच हरेक वर्षको तीजको भोलिपल्ट बिहान घाम नझुल्कीदै बुढापाकाहरु मादल, बाँसुरी बिभिन्न कपडाहरु लिएर चउर वा कुनै सार्वजनिक स्थानमा जमघट हुने चलन छ । हात्ती, माउती र सिपाहि तयार पारेर नाचिन्छ ।हात्तीलाई ओढाउने काम्लो, माउतीले लगाउने गुन्यू, चोली, खारीको गादा, चुरा पोते, बावरीको फूल, मयूरको प्वाँख, पाखी, खुकुरी र सेतो फेटा (धोरो) र सिपाहिले लगाउने लोग्ने वा केटा मान्छेको कपडा कमिज, सुरुवाल र टोपी संगै खर्से राखेर खाने सुल्पा र टेक्ने लठ्ठि समेत तयार पारेर नाचिने गरिन्छ । नाच नाच्ने समयमा पाका उमेरका गाउलेले पुरानो भाकामा गित गाउँछन् । नाचमा सिपाहीले केटा मान्छेको पहिरनमा सजिएर गितको लय र तालमा सुल्पा खादै लठ्ठि टेकेर काम्लो मूनी हात्ती बनेर घोप्टि परेर हिड्ने चेलिलाई काम्लोको अघिल्लो भागको टुप्पो छोपेर दोऱ्याएर नाच्दै हिड्न सुरु गर्दछन् । कोहि सिपाही भने पछिबाट खेद्ने र कोहि भने छेउतिर नाच्दै थाकेका फेर्ने गर्दछन । थाकेका हात्ती असिना पसिना गर्दै बाहिर निस्कन्छन बाहिर बसेर मेला हेर्ने चेलिहरु हात्ती बन्न जान्छन् । माउतीहरु सजिएर अघि पछिका हात्तीको बीचबीचमा कालो मोसोको जुँगा समेत बनाएर टाउकोमा बेरेको धोरोको टुप्पोहरु दुवै हातले छोपेर कम्मर मर्काउदै ढल्की ढल्की नाच्ने गर्दछन् । हात्ती माउती नााचको अर्थ सामान्यतया सिपाहीहरुले हात्तीमा माउतीहरु चढाएर पर्वत, कैलाश घुमाएको भन्ने किवंदन्ती छ ।

यसपाली डामृमा नाचिएको हात्ति नाच हेर्नको लागि जिल्लाका बिभिन्न ठाउँबाट सयौं दर्शहरुको उपस्थिती थियो । गाउँमा युवा पुस्ताले यसको सिको नगर्दा यो नाच लोप हुने अवस्थामा पुगेको छ ।

# ५ हजार सवारी कारवाहीमा ३१ लाख राजश्व संकलन

सुजता थापा क्षेत्री
प्यूठान

जिल्ला ट्राफिक प्रहरी कार्यालय प्यूठानले गत आर्थिक वर्ष २०७७/०७८ मा ३१ लाख २३ हजार ५ सय राजस्व संकलन गरेको छ । ट्राफिक नियम उलंघन गर्ने ५ हजार २ सय सवारी तथा चालकलाई कार्वाही गरि राजस्व संकलन गरेको हो । कार्वाहिमा पर्ने सवारी साधन मध्य सबैभन्दा बढी मोटरसाइकल चालक, जिप, ट्रक तथा टिप्पर, ट्रयाक्टर, बस तथा अन्य सवारी साधन चालक रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय प्यूठानका प्रमुख एवम् प्रहरी सहायक निरीक्षक मधु थापाले बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्यांक अनुसार सबैभन्दा बढी कार्तिक महिनामा ६ सय ५० सवारी कार्वाहीबाट ३ लाख ७५ हजार ५ सय राजस्व संकलन भएको थियो । सबैभन्दा कम जेठ महिनामा १ सय सवारी कार्वाही परेका छन् जसबाट ६८ हजार ५ सय राजस्व संकलन भएको कार्यालयले जनाएको छ । २ हजार २ सय ४१ मोटरसाइकल चालक कार्वाही वापत १४ लाख १४ हजार ५ सय राजस्व उठेको छ । यसैगरी १ हजार ४ सय ७४ जिप कार्वाही वापत ७ लाख ९७ हजार, ४ सय ९४ ट्रक तथा टिप्पर कार्वाही वापत ३ लाख ३३ हजार ५ सय, ३ सय ८२ ट्रयाक्टर कारवाही वापत २ लाख १२ हजार, २ सय १७ बस कारवाही वापत १ लाख २० हजार ५ सय र ३ सय ९२ अन्य सवारी साधन कारवाही वापत २ लाख ४६ हजार राजस्व संकलन भएको छ । चालू आर्थिक वर्षको साउन महिनामा १ सय ९८ सवारी साधन कारवाही वापत १ लाख ९ हजार राजस्व संकलन गरिएको समेत थापाले जानकारी दिए ।

सवारी कार्वाहीमा पर्नेहरुमध्ये हेलमेट नलगाउने, ट्राफिक नियमको पालना नगर्ने, मापदण्ड भन्दा बढी यात्रु बोक्ने, लाइसेन्स तथा ब्लु बुक साथमा नराख्ने छन् । त्यसैगरी सवारी साधनको अवस्था, निषेधित क्षेत्रमा पार्किङ गर्ने, नं. प्लेट देखिने गरी नराखेको लगायतका कारवाही शिर्षकहरुमा राजस्व संकलन गरिएको हो ।

ट्राफिक प्रहरीले सवारी कार्वाही बाहेक बिभिन्न जनचेतनामुलक कार्यहरु पनि गर्दै आएको छ । मास्क वितरण गर्ने, बजारमा किनमेल गर्दा सामाजिक दुरी कायम गराउन सहयोग गर्ने, सेनिटाइजर वितरण गर्ने तथा कोभिड सम्बन्धी समस्याबाट जोगिन र बच( नका आवश्यक सावधानीबारे सचेतामुलक कार्यक्रहरु कार्यालयले गर्दै आएको छ ।

# सत्ताको सात घुम्ती



बद्रिनरसिंह के.सी.

समाजसँग राजनीतिले शक्ति माग्दा पार्टीको जन्म हुन्छानेकपा (एमाले) स्थापना गरेदेखि त्यसैमा पाँच दशक बिताएपछि एमालेबाटै 'क्लोनिङ बर्थ' पाएर माधवकुमार नेपालको अध्यक्षतामा अस्तित्व देखाएको नेकपा(एकीकृत समाजवादी) समाजसँग शक्ति मागेर जन्मनुभन्दा एमालेका विकृति तथा विसंगतिविरुद्धको अनिवार्य नतिजा भन्नु वास्तविकता हुन्छ।

आफ्नो पार्टीभित्रको स्वेच्छाचारिता, संगठित अराजकता र 'बुर्जुवा विकृतिविरुद्ध' माधवकुमार नेपालले 'साहसिक विद्रोह' नै गरेका हुन् जसलाई पचाउन एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीलाई हम्मेहम्मे परिरहेको देखिन्छ। सत्ता परिवर्तनको सन्दर्भमा नेपालविरुद्ध उनको आक्रोश सोही सकसको हतास र आत्मनाश रूप हो। नेपालका कदमबाट ओली यति थर्कमान र विक्षिप्त भएको पाइयो, उनले आफ्नो अनिश्चित राजनीतिक भविष्य बुझेर नै होला, नेपालविरुद्ध सार्वजनिक कार्यक्रममा अपशब्दमै ओर्लिए।

कम्युनिस्ट गुटबीच स्वार्थको मापदण्डले एकअर्कालाई हेर्ने, परिभाषित र गालीगलौज गर्ने काम चलिरहन्छ। एमाओवादीलाई केपी ओली 'टेररिस्ट' मात्र भन्दैनथे, भेटेसम्म छ्याँस्न कहिल्यै बाँकी राखेनन्। २०७४ को निर्वाचनमा जनताले




एमालेलाई उसको कम्युनिस्ट आकृति हेरेर होइन, लोकतन्त्रवादी प्रकृति हेरेर शानदार विजयजन्य मतादेश दिएका थिए। तर अध्यक्ष ओलीको अहंकारले त्यो मतादेशको निहितार्थलाई आत्मसात गर्न सकेन। आफूसँग असहमत हुने कसैलाई उनले सहेनन्। एमाले फुटाउन माधव नेपाललाई उक्साउने उनको निकटतम एउटा समूह, पार्टी फुटिसकेपछि एमालेमै फर्किएको गतिविधिले गुणात्मक राजनीतिबारे त्यो पार्टीको दोस्रो पुस्ताको मनोवृत्ति तथा नियत उदांग बनाएको छ।

एमाले फुटेपछि प्रदेश सरकारहरूमा परेको प्रभावस्वरूप जसरी मुख्यमन्त्रीहरू र प्रदेश इन्चार्जहरूको हेरफेर भइरहेको छ, यही काम पार्टीभित्रको विवादकै बेला ओलीले समाधान गरेका भए एमाले फुटाउन को आउँथ्यो र! नेपालको संविधान २०७२ लेखनको काम असंवैधानिक तरिकाले जालझेल, छलछाम, तानतुन र चोर बाटोको यात्राका रूपमा भइरहँदा एमाले अध्यक्ष ओली त्यसका मुख्य खेलाडी थिए।यसो गर्नुको एउटै कारण उनलाई प्रधानमन्त्री बन्न हतार थियो। २०७२ मा भूकम्प गएको डेढ महिनापछि जेठ २५ गते भएको ४ दलको १६ बुँदे सहमतिअनुसार संविधान जारी भएको भोलिपल्ट नेपाली कांग्रेसले सत्ता हस्तान्तरण गर्नुपर्ने बुँदामा ओलीको विशेष जोड थियो।

वास्तवमा नेपालको संविधान २०७२ 'नयाँ' होइन, चारीत्रिक रूपमा अन्तरिम संविधानको विस्तारित संस्करण हुन पुगेको छ यो आज यसकै स्रष्टाबाट प्रताडित, पीडित, असुरक्षित र बेवारिस भइरहेको छापरिवर्तनको वैधानिक संहिताका रूपमा संविधान प्रमाणित भएन, सत्ताको आशक्तिका लागि फगत हत्कण्डा भयो।मुख्य पार्टीहरू र सत्ताको चरित्र सोही हत्कण्डाको दुष्परिणाम हो। सही कम्युनिस्टले सघीय राज्यसंरचना तथा विकेन्द्रीकरणमा विश्वास गर्दैन तर यो संविधानमा कम्युनिस्ट विरोधी मान्यता कम्युनिस्टहरूबाटै लादिएको छ। संघीयताको जोड माओवादीको हो।लेनिनले प्रष्टै भनेका छन्– '...पुँजीको सारा इतिहास हिंसा, लुटमार, रक्तपात र भ्रष्टाचारको इतिहास हो। र, हामी कुनै रूपमा पनि ससाना राष्ट्र बनाउने पक्षमा बिल्कुलै छैनौं, अन्य परिस्थिति अनुकूल होस त, हामी निश्चय नै केन्द्रीयकरणको पक्षमा तथा संघात्मक सम्बन्धका कूपमण्डूकहरू जस्तो आदर्शको विपक्षमा हुनेछौं।'

समाजवादी संविधान बनाउने नाममा लेनिनको यो दृढतालाई चुनौती दिएर उनका नेपाली अनुयायी हौं भन्नेहरूले धज्जी उडाए। गिरिजाप्रसाद कोइरालाले पार्टीका संस्थापक नेताद्वय गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलाई कांग्रेस छाडेर हिँड्न विवश बनाउन सके आफू सर्वशक्तिमान हुने सपना देखेर त्यसै गरे।आखिर कांग्रेसलाई कहिले माओवादीको र कहिले एमालेको वैशाखी टेकेरमात्र हिँड्ने हैसियतमा पुऱ्याए।सोही चरित्रको पुनरावृत्ति गर्दै, ठीक त्यस्तै उद्देश्य र नियतबाट ओलीले एमालेका संस्थापक नेताद्वयलाई पार्टीबाट निस्कन बाध्य बनाए।आखिर उनको अतिआकांक्षा र नियतका कारण आफू नै सत्ताच्यूत भए र एमालेलाई पनि विभाजित, स्खलित र कमजोर बनाए।

अपराधका निम्ति आँट र आँटिलालाई नेताको आड ओलीराजको विशेषता भएको थियो।नेताहरूको अभयदानमा मुलुकको संविधान प्रताडित र गुण्डाराजमा गयो।अपराधीले नेताको आत्मीयता पाउन साह्रै सजिलो भयो।जेल अपराधीहरूका हेडक्वार्टर भए। अपराधीहरू जेलमै बसेर लागु पदार्थ तथा कालो धनको कारोबार, जेलबाहिरका व्यवसायीहरूसँग धम्क्याएर 'चन्दा' माग्ने, नदिए जिउँदै जलाएर मारिदिनेसम्मका अपराध चलाउन पाए।कतै त्यस्तै चरित्रलाई सांसद र मन्त्री पनि बनाइए।दोषी राजनीतिक दुराशय र अपराध मानसिकता राज्यसत्ता र राष्ट्रिय राजनीतिमा हावी भयो। सबै पक्षले आफ्नो लक्ष्य र पक्षलाई धोका दिएर आज यो विन्दुमा पुगेका हुन्, जुन धोकाले जनता र मुलुकलाई सिकिस्त बनायो।

बिग्रेको सत्ताका तीनमध्ये सबै वा कुनै रूप हुन सक्छ- अनैतिक वा असभ्य सत्ता, भ्रष्ट सत्ता वा अपराधी सत्ता।साढे तीन वर्ष ओलीको सत्ताकालमा, आँटिलोले जे गरे पनि हुन्छ भन्ने आपराधिक मान्यता स्थापना भयो। सत्ता वरिपरि व्यापारीको भेषमा, उद्योगीको अवतारमा, ब्युरोक्रेट्को झाँकीमा, नेताको बहुरंगी चेहरा र चरित्रमा र रक्षकले भक्षक भएको यथार्थमा संरक्षित भयो। तर माधव नेपाल प्रवृत्तिलाई पार्टी नै छाड्न विवश बनाइयो।मित्रलाई मालिक मान्नु पर्दैनथ्यो र शत्रु देख्न पनि हुँदैनथ्यो। तर ओली अहंकारले अन्धो भएर मित्रलाई शत्रु देख्न पुग्यो।२०५९ सालताका सात पार्टीको सडक आन्दोलनमा अध्यक्ष ओलीको खासै सहभागिता थिएन।सात पार्टीको रत्नपार्ककेन्द्रित विरोध कार्यक्रमलाई त उनी भित्तै पुग्ने गरी पखाल्ने र निन्दा गर्थे।अर्कातिर माधव नेपाल गिरफ्तारी दिएर महिनौँ दिनसम्म नजरबन्दमा बसेका थिए। माधव नेपाल प्रधानमन्त्री भएका बेला माओवादी लडाकु समायोजनले एक खुड्किलो गति लियो। राष्ट्रसंघीय शान्ति मिसन (अनमिन) लाई बिदा गरियो र लडाकुहरूलाई माओवादीको नियन्त्रणबाट छुटाएर सरकारको मातहतमा ल्याइयो।संविधान दिन त परै जाओस्, मुलुकको प्रधानमन्त्री छान्न पनि नालायक भइसकेको विघटित संविधानसभाको अकर्मण्यताले गर्दा यिनले प्रधानमन्त्रीबाट त्यागपत्र दिएर पनि सात महिनासम्म कामचलाउका रूपमा आफ्नो भूमिका निर्वाह गरे।नेपालको राजनीतिक इतिहासमा राजीनामा स्वीकृत भएर पनि कामचलाउका रूपमा यति लामो प्रधानमन्त्री भइरहेका व्यक्ति उनै हुन्। टाढैबाट देखेको हो, बुझिन्छ माधव नेपाल बोलेको कुरा पूरा गरिछाड्ने, राजनीतिमा नैतिकताको हेक्का र महत्त्व राख्ने, सात्विक र सादगीपूर्ण निजी जिन्दगी भएका नेता हुन्।२०६४ को संविधानसभा निर्वाचनमा आफू महासचिव रहेको एमाले पराजित भएर तेस्रो ठूलो दलका रूपमा झरेपछि उनले नैतिकतावश पदबाट राजीनामा दिएकै हुन्। उनी आफ्नो नजिकमा विचारवान्, नैतिकवान् र राजनीतिक दृढता भएका चरित्रलाई प्रश्रय दिन्छन् भन्ने कुरा विभिन्न घटनाद्वारा पनि पुष्टि भएको हो।हालैको सत्ता परिवर्तन र एमालेभित्रको महाभारतमा रामकुमारी झाँक्रीजस्ता नयाँ पुस्ताका उदाहरणीय दृढ महिलाहरूको समर्पण र सक्रियताले उनलाई ऊर्जा र सहयोग मिलेको देखियो। जे होस् नेतृत्वको अहंकार र ओहोदाको दुरूपयोगले एमालेभित्र पैदा गरेको उथलपुथल परिस्थिति देश, जनता र लोकतन्त्रलाई हित हुने काण्ड कदापि मान्न सकिन्न। आज प्रत्येक नेपालीले आफ्नो इमानदार चेतनालाई न्यायाधीश बनाएर, एमालेको यो दशा र दिशाबाट सावधानीको शिक्षा लिँदै आफ्नै अन्तस्करणको इजलासमा यो देशको भाग्य र भविष्यको फैसला गर्ने बेला आएको छ। परिवर्तनको खोजी गर्दा राष्ट्रियताको जग खल्बलिरहेको छ, प्रणाली र परम्पराका पेचकिलाहरू खुकुलिइरहेका छन्। परिवर्तनका नाममा आइलागेको दुष्परिणामको क्षति कसरी गर्न सकिन्छ, अब त्यतातिर ध्यान दिनुपर्ने अवस्था आउँदैछ। ध्वंसको नियन्त्रण नै तात्कालिक नागरिक धर्म भएको छ। अनि मात्र अरू कुरा सोच्ने अवसर बन्ला।

badrimeena@hotmail.com

*नागरिक दैनिकबाट साभार।*

# काङ्ग्रेस महाधिवेशन : नीति भन्दा नेता केन्द्रित



झामुराम न्यौपाने

स्थापनाको हिसाबले नेपाली कांग्रेस नेपाली राजनीतिमा सवै भन्दा जेठो पार्टी हो। नेपाली कांग्रेस यतिबेला पार्टिको चौधौं महाअधिबेसनको प्रकृयामा अगाडि बढिरहेको छ। वार्ड, गाँउ/नगरपालिका, निर्वाचन क्षेत्र अधिवेशन हुँदै यही मंसिर ९ गते देखि १४ गते सम्म काठमाण्डौमा पार्टीको केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने समय सूची सार्बजनिक भएको छ। देशभरका प्रायजसो वार्डहरुको अधिवेशन सम्पन्न भईसकेको बताइएकोछ। पार्टिको बिभिन्न स्तरको नेतृत्व गर्न चाहनेहरूको बीचमा खुल्ला प्रतिस्पर्धा/मतदान समेत भयका समाचारहरु आइरहेका छन्। सरकारको सही सञ्चालन भन्दा पार्टी महाधिवेसन कांग्रेसीजनको प्राथमिकतामा परेको छ।

सधै पदको हानथापमा मात्र केन्द्रित हुने कांग्रेस महाधिवेसन यसपटक पनि पुरानै शैलीमा अगाडी बढीरहेको संकेत पाइन्छ। कांग्रेसले नीति, विधि र व्यवस्थाको वारेमा होइन खाली नेता छनौटको लागि मात्र महाधिबेसनको आयोजना गरेको जस्तो प्रतित भैरहेको छ। देशको समस्या र वैचारिक स्पष्टता तर्फ छलफल नै छैन। महाधिबेसनकोलागि पार्टिले कुनै दस्तावेज नै प्रकाशन गरेको पाइएको छैन। यो भन्दा ठूलो बिचार बिहिनता के हुन सक्छ ? आम कार्यकर्तामा वैचारिक स्कुलिङ कसरि माथी उठाउने भन्ने विषय नै महाधिबेसको एजेण्डामा परेन। देशमा निम्न स्तरको राजनीति हुनुमा मौजूदा पार्टीहरूको कार्यसैली पनि उत्तिकै जिम्मेवार छ।

कांग्रेसका केन्द्रीय स्तरका नेताहरुको पनि नेतै पिच्छेको धारणा फरक फरक हुने गर्छ। जस्तै धर्म निरपेक्षता, समृद्धि र समाजबादको परिभाषा। भारत चिन अमेरिकालाई हेर्ने दृष्टिकोण। राजतन्त्र र धर्मसापेक्ष देशको वकालत गर्ने नेताहरु पनि कांग्रेसको महत्वपूर्ण जिम्मेवारीमा आबद्ध छन्। त्यहाँ कुनै वैचारिक अनुशासन आकर्षित हुँदैन। प्रदीप गिरी र स्व.खुम बाहदुर खड्काको पुर्ब र पस्चीम फर्केको राजनीति संगसँगै हिँड्न सक्छ। समग्र देशको अबस्था सुधारकोलागि आम पार्टी कार्यकर्ता दीक्षित हुनू आवश्यक रहन्छ। त्यसको लागि अध्ययन सामाग्रीको निरन्तर प्रकाशन र त्यसबारे निरन्तर बहस आवश्यक हुन्छ। अझ महाधिवेसन त पार्टी जीवनमा बिशेष अवस्थाको द्योतक नै मानिन्छ। कुनैपनि पार्टीकोलागि महाअधिवेशन सर्वोपरि संस्था हो। महाधिवेशन मार्फत पार्टीले अपनाउनु पर्ने समग्र क्षेत्रको लागि सैद्धान्तिक र व्यावहारिक नीति निर्माण गर्नु पर्दछ। पार्टी र देशलाई कुन बाटोबाट कसरी अगाडी बढाउने भन्ने कुरा महाधिवेशन मार्फत स्पष्ट मार्गचित्र खिच्नु पनि हो। पार्टी महाधिवेसनमा छुटाउन नहुने केही विषयहरु पनि हुन्छन।

जस्तै :

१-नेतै पिच्छे फरक परीभाषा नभयर पार्टिको आम कार्यदिशाको निर्धारण,
२-देशको विद्यमान अबस्था र मूलभूत समस्याहरूको पहिचान,
३-सरकारले अपनाई रहेको राजनैतिक बाटो र त्यस माथिको विमर्श,
४-राजनैतिक शक्तिहरुको विश्लेषण
५-अन्तराष्ट्रिय स्थिति तथा विश्व परिवेश र त्यसले नेपालमा पारेको/पार्न सक्ने प्रभाव
६-वर्तमान सन्दर्भमा समाजबादको परिभाषा र त्यसको कार्यान्वयनको मार्गचित्र।
७-मौजुदा राज्यसत्ताको स्वरूप त्यसमा देखा परेका समस्या र समाधानको विकल्प,
८-देश विकाशको तत्कालिन र दीर्घकालिन योजना।
९-देशको आर्थिक दुरावस्था, परनिर्भर अर्थतन्त्र, भ्रष्टाचार, विकराल व्यापार घाटा र त्यसको समाधान।
१०-भारत, चिन र अमेरिकी साम्राज्यवादी नीति र त्यसले नेपालमा पारेको प्रभाब।
११-सिमा अतिक्रमण तथा जनसांख्यिक अतिक्रमणको स्थिति र राष्ट्रियताको रक्षाको प्रश्न।
१२-विश्व विकासको परिप्रेक्ष्यमा देश र जनताले भोग्नु परिरहेका तत्कालिन र दीर्घकालिन समस्या।
१३-विश्व परिवेश ,अन्तराष्ट्रिय विषय र हाम्रो सरोकारका विषयहरूको विवेचना।
१४-पार्टी भित्रको मत भिन्नता/फरक विचार हरुको छलफल
१५-पार्टी अनुसासन सम्बन्धी विषय
१६-संगठनात्मक व्यवस्थापन
१७-पार्टीले अंङ्गिकार गरेको विचार र त्यसको कार्यान्वयनको लागि नेतृत्वको छनौट।

आदी पार्टी महाधिवेसनको सफल कार्यान्वयनको लागि पहिला बिचार श्रृङ्खलाको निर्धारण र त्यसपछि मात्र निर्धारित बिचार अनुरूपको नेतृत्व छनौट नै बढी बैज्ञानिक हुन सक्छ। स्थापित मान्यता नै छ 'जसको नीति उसैको नेतृत्व' पार्टी बढी पुरानो भएर मात्र पुग्दैन त्यत्तिकै आधुनिकताले सु-सज्जित पनि हुनुपर्दछ।

*लेखकःनेकपा (मसाल) प्यूठानका प्रवक्ता हुन्*

**गाउँपालिकावासीहरुमा अनुरोध**

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं। अति आवस्यक काम परी घर बाहिर जानैपर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ। भिडभाड नगरौं। भौतिक दुरी कायम गरौं। स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं। नियमित रुपमा साबुन पानीले हात धुने गरौं वा बेला बेलामा सेनीटाइजरको प्रयोग गरौं। सजग रहौं र सचेत रहँदै **कोरोनाबाट आफू पनि बचौं र आरूलाई पनि बचाऔं।**

**सरुमारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,बड्डाँडा प्यूठान**

# पाइल्सको यस्तो छ सजिलो उपचार विधि

पायल्स, निकै कष्टकर समस्या हो । गलत खानपान र जीवनशैलीले निम्त्याउने यो समस्याबाट धेरैजना ग्रसित हुन्छन् । तर, लाजको कारण रोग लुकाउँछन् । जबसम्म समस्याले जटिल रुप लिदैन, तबसम्म उपचार खोजिदैन ।

मलद्वार र मलाशयका भित्ताहरुमा रहेको रक्तनली सुन्निने र त्यसबाट उत्पन्न हुने विभिन्न समस्या नै पायल्स हो । सुरुवाती चरणमा खानपान र जीवनशैली बदलेर यसबाट छुटकारा पाउन सकिन्छ । जटिल अवस्थामा भने शल्याक्रिया गर्नुपर्ने समेत हुनसक्छ । योग, आर्युवेदलगायत परम्परागत उपचार विधीबाट पनि यसको निदान खोज्न सकिन्छ ।

**कति प्रकारका हुन्छन् ?**

यसलाई विभिन्न श्रेणीमा राखिएको छ ।

१. शिराहरु सुन्निएर सानो डल्लो बनी मलाशयमा नै रहने तर, बाहिर नआउने ।

२. सुन्निएका नसाहरु मल त्याग गर्दा बाहिर आउने, दिसा गरिसकेपछि पुन आफ्नै स्थानमा जाने ।

३. शिराहरुको डल्लो बाहिर आउने र आफैं यथास्थानमा नजाने ।

४. सुन्निएको नशाका डल्लाहरु निरन्तर मलद्वार बाहिर नै रहने ।

**पायल्स भएको कसरी थाहा पाउने ?**

दिसा गर्दा समस्या हुनु नै यसको खास लक्षण हो । मलाशयमा भारीपन हुने, दिसा खलास नहुने, दुख्ने जस्ता सुरुवाती लक्षण हुन् । जति जति रोग बढ्दै जान्छ, उत्तिनै दुखाई बढी हुन्छ । गुद्वारमा मासुको डल्ला निस्कने, त्यसमा चिलाउने हुन्छ ।

**किन हुन्छ ?**

कब्जियत नै यसको मुल कारण हो । जब कब्जियत हुन्छ, दिसा गर्दा बल पर्छ । त्यही बलले गुद्वार भित्रका रक्तशिरालाई तन्काइ दिन्छ । यो क्रमस फैलन थाल्छ र गिर्खा बन्न थाल्छ । त्यसैले यसबाट बच्नका लागि कब्जियतको समस्या आउन दिन हुँदैन । कब्जियत आउन नदिनका लागि खानपानमा सर्तकता अपनाउनु पर्छ । किनभने अपच हुने खानेकुराहरु, जस्तो कि मैदाबाट बनेका, प्याकेटमा राखिएका, तारेका, भुटेका, जंक फूड, मसलेदार, मासुजन्य खानेकुरा कब्जियतको कारण बन्छ । यस्तो अस्वस्थ्यकर खानेकुरा खाने तर, पर्याप्त पानी नपिउने, व्यायाम नगर्ने, फाइबरयुक्त खानेकुरा, फलफूल सेवन नगर्ने बानीले कब्जियत निम्त्याउँछ ।

**कब्जियतले पायल्स ।**

अनियमित खानपान पनि यसको कारण हुनसक्छ । जस्तो कि भोक लागेको बेला नखाने, राती अबेर खाने, आवश्यक्ताभन्दा बढी खाने बानीले कब्जियत रोग पैदा गर्छ । त्यस्तै, दिसा रोक्ने बानी अर्को कारण हो । दिसाको वेगलाई रोक्ने बानीले कब्जियतको समस्या ल्याउँछ । गह्रुंगो भारी उचाल्ने, पेटको समस्या भएका, गर्भवती र गर्भपात गर्नेहरु, मोटोपन भएका, गुदा मैथुन गर्नेहरुमा यो समस्या देखापर्न सक्छ ।

**के गर्ने त ?**

सुरुमा त रोग लाग्न नदिनु नै उत्तम हो, जसका लागि खानपान र जीवनशैली बदल्नुपर्छ । स्वस्थ्य खानपान र जीवनशैलीले यस्तो समस्या आउँदैन । पायल्सको समस्या छ भने चाहि त्यसको प्रकृति अर्थात श्रेणी अनुसार उपचार विधी अपनाउनु पर्छ । सामन्य स्थितीमा खानपान, जीवनशैली, व्यायाम आदिबाट यसको निदान खोज्न सकिन्छ । योग, आर्युवेद, प्राकृतिक चिकित्सा आदिबाट पनि पायल्सको निदान खोज्न सकिन्छ ।

पेटको सरसफाईमा ध्यान दिने, रेसायुक्त वा फाइबरयुक्त खानेकुरा खाने, पर्याप्त पानी खाने, स्वस्थ्य भोजन तालिका अपनाउने, व्यायाम गर्ने जस्ता बानीले पायल्सबाट छुटकारा पाउन सकिन्छ ।

**के नखाने ?**

यस्तो खानेकुरा सेवन नगर्ने जसले पेटलाई भद्दा बनाउँछ । पाचन यन्त्रमा समस्या ल्याउँछ । जस्तो कि, बोसोयुक्त, तारेको, भुटेको, मसलेदार, मासुजन्य, दुधजन्य, मैदाबाट बनेका, कार्बोनेटेड ड्रिंक आदिको सेवन नगर्नु हुँदैन । मदिरापान, धुमपानले पनि यसलाई जटिल बनाउँन सक्छ । सकेसम्म अन्न नखाएकै राम्रो हुन्छ ।

**के खाने ?**

सुपाच्य खानेकुरा सेवन गर्ने । फाइबरयुक्त खानेकुरा जस्तो कि, हरियो सागपात, सलाद आदि पर्याप्त मात्रामा लिने । ताजा फलफूलको सेवन गर्ने । पर्याप्त पानी पिउने । दाल पिउने । मकै, गहुँ, फापरको रोटी आदि उपयोगी हुन्छ ।

प्राकृतिक विधी के छ ?


- नियमित रुपमा शौच क्रिया गर्ने बानी बसाल्नु पर्छ । दिसा गर्दा बल गर्नु हुँदैन ।
- यसबाट छुटकारा पाउनका लागि उपवास राम्रो विधी हो । सातामा कम्तिमा एक दिन उपवास बस्नु पर्छ ।
- रक्तश्राव भएको छ भने मलद्वारमा बरफले मालिस गर्दा ठीक हुन्छ ।
- रक्तश्राव नभएको अवस्थामा भने तातो पानीमा मलद्वार डुबाएर बस्नुपर्छ । सहन सक्ने तातो पानीमा १५, २० मिनेट जति बस्नुपर्छ ।
- दिसा गरिसकेपछि राम्ररी धोई तातोपानीले सेक्ने गर्नुपर्छ ।
- मिठो मसिनो भन्दा खस्रो-मोटो खानेकुरा सेवन गरौं । रेसा र चोकरयुक्त खाद्यपदार्थ उपयोगी हुन्छ

**घरेलु विधी के छ ?**

पायल्सको समस्या घरेलु विधीबाट पनि हटाउन सकिन्छ । यसका लागि खानपानमा विशेष सतर्कता अपनाउनु पर्ने हुन्छ । पायल्समा के खाने, के नखाने भन्ने कुराले ठूलो अर्थ राख्छ । जथाभावी खाने, जस्तोसुकै खाने बानीले पायल्सको संभावना बढाउँछ ।

गलत खानपान, पुग्दो पानी नपिउने जस्ता बानीले कब्जियत हुन्छ । यस्तो अवस्थामा दिसा गर्दा बल गर्नुपर्ने हुन्छ । पछि त्यसैले पायल्सको संभावना बढाउँछ ।

- पायल्सको रोगीले कब्जियत हुन नदिन फाइबरयुक्त, झोलिलो खानेकुरा खानुपर्छ ।
- तारेको, भुटेको, मसलेदार खानेकुराले समस्या निम्त्याउँछ ।




**खेलाडी बिनाका ....**

*जनसहभागिता समेत गरि ५६ लाख रुपैयाँमा खेल मैदान निर्माण गरेको छ । गौमुखीको खेल मैदानको हालत पनि नौबहिनीको भन्दा फरक छैन । झिमरुक गाउँपालिकाले झिमरुक ५ ओखरकोट स्थित नेपानेको जंगल नै मासेर खेलमैदान निर्माण गरेको छ । प्रदेश सरकारको ३६ लाख र पालिकाले १४ लाख रुपैयाँ गरि ५० लाख खर्च गरेर खेल मैदान निर्माण गरेको थियो । पछि पालिकाले २५ लाख र प्रदेश सरकारको समपुरक कोष अन्तर्गतका २५ लाख रुपैयाँ बजेट खर्च गरेको थियो । सरुमारानी गाउँपालिकाले वडा नम्वर २ दरभान स्थित मैदान भन्ने स्थानमा खेल मैदान निर्माण गरेको छ । माण्डबी गाउँपालिकाले वडा नम्वर ३ स्थित मार्सीबाङमा खेल मैदान निर्माण गरेको छ । यहाँको खेल मैदान पनि खेलाडि बिनाको छ । पालिकाले खेलाडी उत्पादन गर्ने कुनै योजना बनाएको छैन । ऐरावती गाउँपालिकाले कुनौटा, स्वर्गद्वारी नगरपालिकाले नगरपालिका ४ स्थित बाँझीपुरमा खेल मैदान निर्माण भएको छ । मल्लरानी गाउँपालिकाले मल्लरानी-३ चौरपानीमा निर्माण गरेको छ । यहाँको मैदान बनाउदा स्थानीयले वर्षौ पहिले बनाएको आपको बगैचा मासेर खेलमैदान निर्माण गरेको भन्दै अख्यिारमा उजुरी समेत परेको थियो । प्यूठान नगरपालिकाले प्यूठान नगरपालिका-४ स्थित यसअघि निर्माण भएको खेलकुद मैदानलाइ नै सुधार गर्दै आएको छ । यसको पनि थप सुधार गरेर व्यबस्थित गर्न बाँकी छ ।*

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**कृषि, खाद्य प्रविधि तथा भुमि व्यवस्थामन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान**

## प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२७**

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठानको आ.व.०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्लामा प्राथमिकता प्राप्त बाली/ वस्तुमा परियोजना कार्यान्वयन म्यानुअलको व्यवस्था बमोजिम व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) कार्यक्रम रहेकोमा उक्त कार्यक्रम संचालन गर्नको लागि सूचना प्रकाशन हुनुपुर्व दर्ता भएका ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनी, जल उपभोक्ता समितिहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची ६ र ७ अनुसारको कागजात तयार गरी सम्बन्धित स्थानीय तहको शिफारिसमा यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति२०७८/६/२५) भित्र प्रस्ताव पेश गर्नुहुन सबै योग्य आवेदकहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची ६ र ७ अनुसारको कागजात तथा मापदण्डका लागिकार्यालयको सूचना पाटी वा कार्यालयको वेभसाईटः http./.ialdopyuthan.lumbini.gov.np वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेभसाईट :pmamp.gov.np बाट सम्बन्धित कार्यविधिहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

| सुचना नं. | बाली वस्तु | ब्लक सञ्चालनको लागि मापदण्ड | सञ्चालक हुने क्रियाकलापहरु | कार्यक्रम सञ्चालनको लागत साझेदारी | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| ०७८/७९-११ | कृषि तर्फ<br>- धान ब्लक<br><br>पशुपन्छी तर्फ<br>- बाखा ब्लक | १०० हेक्टर<br><br>५,००० संख्या | प्रधानमन्त्री आधुनिकिकरण परियोजना म्यानुअलको तालिका ४ अनुसारका क्रियाकलपाहरु | कृषि/पशु उत्पादन सामाग्रीहरु वीउ, वेर्ना, विरुवा, पशुनश्ल, खोर/गोठसुधार, पशु आहाराविकास, पशु स्वास्थ्य लगायतका क्रियाकलापहरुमा कार्यक्रमको कुल लागतको ५० प्रतिशत अनुदान, प्राविधिक सहयोग बढीमा १०० प्रतिशत अनुदान, प्रयोगशाला सेवाहरु बढिमा ८५ प्रतिशत अनुदान, कृषि औजार तथा उपकरणहरु बढिमा ५० प्रतिशत अनुदान, साना सिंचाई पुर्वाधारहरुमा बढिमा ८५ प्रतिशत अनुदान, उत्पादनोपरान्त तथा कृषि/पशु व्यवसाय सेवा पुर्वाधारहरुमा बढिमा ८५ प्रतिशत सम्म अनुदान । | - कृषि तर्फ प्रति ब्लक बढिमा २५ लाखसम्म<br><br>- बाखा ब्लक संचालनका लागि बढीमा ३५ लाखसम्म |

निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. सम्बन्धित निकायमा कृषक समुह/सहकारी/समिति/ कृषक फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२. कार्यक्रम संचालन हुने जग्गा/जमिनको लालपुर्जा वा तिरो तिरेको रसिद
३. समितिको निर्णय प्रतिलिपी
४. गत आ.व. को आन्तरिक लेखा परिक्षणको प्रतिवेदन र गत आ.व. को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी
५. विस्तृत कार्ययोजना
६. सम्बन्धित स्थानीय तह (वडा) र पालीकाको सम्बन्धित शाखाको सिफारिस
७. कार्यक्रमहरु माग गर्दा दर्ता नविकरण दस्तुरको रसिद समेत पेश गर्नु पर्नेछ ।

**पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ । साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा यसै कार्यालयको वेभसाईट http./.ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिने छ ।**

भास्कर पौडेल
कार्यालय प्रमुख

# राजनीतिमा महिलाको सहभागिता किन न्यून ?

विश्वभरि नै राजनीतिलगायत हरेक क्षेत्रमा महिलाको सकृयता न्यून रहने गरेको छ । विश्वकै सबैभन्दा विकसित भनिने र लैङ्गिक समानताको वकालत गर्ने संयुक्त राज्य अमेरिकामा समेत महिलाहरू राजनीतिमा कम मात्र अगाडि आउने गरेका छन् । विकसित राष्ट्र मध्ये कै एक संयुक्त अधिराज्यमा भने राष्ट्र प्रमुख महारानी एलिजाबेथ छिन । साथै त्यहाँ सरकार प्रमुखको रूपमा श्रीमती मार्ग्रेट थ्याचर प्रधानमन्त्री भईसकेकी छिन् । आश्चर्यजनक यथार्थ के छ भने विकसित भनिएका पश्चिमा राष्ट्रहरूले अविकसित र महिला विरूद्धको भेदभाव बढी भएको भनेर आक्षेप लगाउने गरेको दक्षिण एसिया क्षेत्रका राष्ट्रहरूमा महिलाहरू राजनीतिक उच्च ओहदामा पटक पटक पुगेका छन् ।

भारत, पाकिस्तान, म्यानमार, बंगलादेश र श्रीलंकामा पटक पटक महिलाले राष्ट्र प्रमुख र सरकार प्रमुखको भुमिका निर्वाह गरेका छन्, भने नेपालमा पनि महत्वपूर्ण जिम्मेवारीमा महिलाहरू पुगेका छन् । तर राजनितिक नेतृत्व तथा निर्णायक तह,प्रशासन लगायतका अन्य क्षेत्रमा भने महिलाको उपस्थिति नेपाल लगायतका दक्षिण एसियाली देशहरूमा न्युन छ । यसरी विश्लेषण गरेर हेर्दा विकसित राष्ट्रहरू भन्दा दक्षिण एसियाली राष्ट्रहरूमा पहिले देखि नै महिला नेतृत्व बढी सकृय र स्वीकार्य रहेको स्पस्ट हुन्छ । २०६२/६३ को आन्दोलनपछि समानुपातिक निर्वाचन प्रणालीले ल्याएको अवसरका कारण धेरै महिलाहरू राजनीतिमा सकृय भएर उदाए, साथै विभिन्न पदमा समेत आसिन भए । तर अपेक्षाकृत रुपमा नेतृत्वदायी भुमिकामा कमै मात्र पुग्न सके।
नेपालमा राजनीतिक दलहरूमा पर्याप्त महिला सहभागिता भएको राजनीतिक दल विरलै छन् ।

समावेशीताको नारा दिने र असमानताको विरूद्ध संघर्ष गरिरहेका भनिएका दलहरूको अवस्था झनै दयनिय छ । समावेशिताको नारा बुलन्द गरेर बनेका राजनीतिक दलहरूले समेत महिला सहभागिता सुनिश्चित गर्न हिच्किचाईरहेका छन्। राजनीतिक दलहरूले पार्टीमा काम गरेर आएका क्षमतावान महिला भन्दा आफ्ना नजिकका, नातेदार, वा अन्य कारणले राजनीतिमा कुनै दखल नभएका र नीति निर्माणमा खासै भुमिका खेल्न नसक्ने महिलाहरूलाई अगाडी सार्ने गर्दछन। जसका कारण महिला सहभागिता भए पनि त्यो निर्णायक बन्न सक्दैन। निती निर्माणको अन्य तहमा हुने नियुक्ति र मनोनयन गर्ने प्रक्रिया समेत यसबाट अछुतो छैन । समग्र रूपमा महिलाको उपस्थितिलाई सशक्त बनाउन पहिलो चरणमा महिलाको उपस्थितीलाई राजनीतिमा सशक्त बनाउन अत्यन्तै जरूरी छ। तर विणम्बना राजनीतिमै महिला सहभागिता न्युन छ र यो अपेक्षित मात्रामा सुधार समेत हुन सकिरहेको छैन ।

महिलालाई राज्यका सबै संरचनामा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने घोषणा गरे पनि त्यसको कार्यान्वयन पक्षमा सरकारले ध्यान दिएको छैन । संविधानले राजनीतिमा महिला सहभागिता एकतिहाइ सुनिश्चित गरे पनि कुनै न कुनै उपाय लगाएर महिला संख्या पुऱ्याउने प्रयासमै राजनितिक दलहरु केन्द्रित रहेको पाइन्छ। स्थानीय तहको निर्वाचनमा ४० प्रतिशत महिला विजयी भए पनि धेरैजसो उपमेयरमा नै सीमित राखियो। राज्यको हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने, महिलासम्बन्धी विभेदपूर्ण कानुनको खारेजी हुनुपर्ने र आमाको नामबाट नागरिकता पाउनुपर्ने ती बुँदा राजनीतिमा मात्रै नभई निर्णायक तहमा पनि महिला सहभागिता वृद्धि गर्न महत्वपूर्ण मानिन्छ ।
राजनीतिमा महिलाहरूको संख्या न्यून हुनु वा महिलाहरूको पलायन हुनुको पछाडिका कारणहरूको विश्लेषण गर्दा महिलालाई राजनीति गर्न समस्या महिलाको घरबाट शुरू भएर टोल छिमेक समाज हुँदै पार्टी नेतृत्वसम्म देखिन आउँछ। पुरूष प्रदान समाजमा राजनितिमा लाग्न परिवारबाट लगभग बिद्रोह गर्नु पर्ने अवस्था छ यो महिलाहरुका लागि सहज छैन । कुनै कुनै परिवारले मात्र आफ्ना छोरी, बुहारी वा पत्नीलाई राजनीतिमा लाग्न सहयोग गर्छन । फेरि कुनै महिला जब राजनीतिमा अगाडि बढ्न थाल्छन घर भित्रैका पुरूषहरूको दृष्टिकोण समेत फरक हुन थाल्दछ । चाहे त्यो पती होस या पिता भाई होस वा देवर, जेठाजु होस वा ससुरा, हरेकले अहममा ठेस पुगेको अनुभुती गर्न थाल्छन। राजनीतिमा अगाडि बढेका कतिपय महिलाहरू परिवार खास गरी आफ्नो पतीको दबाव र कलहका कारण राजनीतिबाट टाढिएका प्रशस्त उदाहरणहरु पनि छन् ।आफु भन्दा महिला तल रहनुपर्ने, महिला भन्दा आफुले बढी चर्चा पाउनुपर्ने आफु महिला भन्दा श्रेष्ठ



रहेको भन्ने पुरूष मानसिकताले गर्दा पनि महिलाहरुलाई खुलेर राजनितिमा सक्रिय हुने वाताबरण छैन। परिवारको सहमतीबाट निस्किए पनि समाजले त्यो महिलालाई विभिन्न थरीका लाञ्छना लगाउन शुरू गर्छन। त्यती मात्र होईन राजनीतिक कार्यकर्ता र नेताहरू समेत महिलालाई खासै स्थान दिन चाहादैनन । समावेशिकरणको अवधारणाले महिलाका लागि केही अवसर सिर्जना गरेता पनि ती अवसर वास्तविक महिला राजनीतिक कार्यकर्ताले थोरै मात्र पाउने गरेको यथार्थ पनि हाम्रो अगाडी छर्लंग छ ।

महिलालाई संख्याबाट हेरौं आधा संसार, भूमिका हेर्दा ७५ प्रतिशत भन्दा बढी । हाम्रो समाजको अवस्था हेर्ने हो भने काम, व्यस्तता, बेफुर्सदी, अति बढी भूमिका र जिम्मेवारी पनि । अझ भनौं सुख र थकान नभएका प्राणी । यो सदियौं देखि चल्यो। केही रूपमा, केही अंशमा अहिले पनि छँदैछ । इतिहास हेर्ने हो भने नेपाली महिलाले नेतृत्व मात्रै गरेका छैनन्, मुलुक एकीकरणमा समेत महत्वपूर्ण भूमिका खेलेका छन् । पाल्पामा जन्मेकी राजेन्द्रराज्य लक्ष्मी, शाहवंशकी रानी थिइन । जसले ८ वर्षको नायवीकालमा नेपाल एकीकरणको दोस्रो चरणलाई अघि बढाएकी थिइन् । उनी पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाहकी पत्नी थिइन् । २३ वर्षको उमेरमा राजा बनेका प्रतापसिंह शाह त्यसको २५ वर्ष पछि नै दिवंगत भएपछि राजेन्द्र लक्ष्मीले छोरा रणबहादुर शाहको नाममा शासनभार सम्हालेकी थिइन।राजेन्द्र राज्य लक्ष्मीले सन् १७७७ मा राजमाताका रुपमा शासनभार सम्हालेकी थिइन् भने सन् १७७८ मा उनलाई बन्दी बनाइयो। १७७९ मा रिहा गरिएपछि उनी सन् १७८५ सम्म नेपालकी नायवी शासक रहेकी थिइन् । उनलाई पृथ्वी नारायण शाहको एकीकरण अभियान अघि बढाउने कुशल प्रशासकका रुपमा हेरिन्छ। राजेन्द्रलक्ष्मी नेपालको इतिहासमा नै सम्भवतः सबैभन्दा शक्तिशाली नारी र नेपालकी प्रथम वीराङ्गनापनि थिइन्।त्यसपछि शासनका अनेक रूप फेरिए र नेपाली नारीका चेतना शिक्षा र आर्थिक उन्नतीमा पनि मेरुदण्ड कै रूपमा अघि बढेकै छन्।यद्यपि महिलालाई असमान ज्याला, कामका भिन्नता, आरामदेखि खाने कुरा सम्मका उच-निच जस्तो ब्यबहार पूर्णरुपमा बन्द हुन सकेको छैन।तर पछिल्ला परिवर्तनहरुले नेपालमा महिलाहरुलाई विशेष अधिकार प्रदान गरेको छ। यो प्राप्तिको कुरा हो तर सन्तुष्टि मान्ने ठाँउ चाँहि अझै पनि छैन।पितृसत्तात्मक सोचमा आधारित सामाजिक मूल्य मान्यता तथा सदियौंदेखि चली आएको महिलाप्रतिको भेदभावपूर्ण व्यवहार नेपाली समाजको यथार्थ हो। लैंगिक विभेदले शोषण र हिंसाका घटनालाई मलजल गर्न मद्दत गरेको हुन सक्छ भने महिलाको अवस्थालाई दूरगामी असर पुर्याएको देखिन्छ ।यसले महिलाहरुको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थालाई समेत कमजोर बनाउँछ। समतामूलक दिगो राष्ट्रिय विकासका लागि पुरुष सरह महिलाको सक्रिय र अर्थपूर्ण सहभागिता अपरिहार्य रहन्छ ।

राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार नेपालको कुल जनसंख्या मध्ये महिला १,३६,४५,४६३ (५१.५) र पुरुष १,२८,४९,०४१ (४८ .५५) देखिन्छ। परिवारदेखि समाज विकासमा महिलाको अति महत्वपूर्ण भूमिका हुदाँहुँदै पनि राज्यको हरेक क्षेत्रमा महिलाको न्युन सहभागिता रहेको अवस्था छ । हाम्रो समाज परम्परा देखिनै पुरुष प्रधान रहँदै आएको छ । महिलाको उपस्थितिलाई कानुनी रुपमा मान्यता प्रदान गरिए पनि समाजमा पुरुष तथा महिलाको भूमिका, कार्यव्यवहार, अधिकार आदि परम्परादेखि नै सिमांकित छन् । त्यसै गरी लैंगिक समानताको ध्वजा फहराउन व्यहारिक चुनौती पनि प्रशस्तै छन् ।

प्राचीन कालबाटै महिला भेदभाव गरिँदै आएकोले साक्षरता, उच्च शिक्षा र सार्वजनिक ओहोदामा पुरुष सरह महिलाको समान रुपमा



दिपा घर्ति (पौडेल)

*राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार नेपालको कुल जनसंख्या मध्ये महिला १,३६,४५,४६३ (५१.५) र पुरुष १,२८,४९,०४१ (४८ .५५) देखिन्छ । परिवारदेखि समाज विकासमा महिलाको अति महत्वपूर्ण भूमिका हुदाँहुँदै पनि राज्यको हरेक क्षेत्रमा महिलाको न्युन सहभागिता रहेको अवस्था छ । हाम्रो समाज परम्परा देखिनै पुरुष प्रधान रहँदै आएको छ ।*

सहभागिता हुन नसक्दा महिलाको अवस्था पुरुषको तुलनामा पछि पर्न गयो। फलस्वरुप नीतिगत , कानुनी र व्यावहारिक प्रयासका वावजुद पनि आशातित उपलब्धि हासिल हुन सकेको छैन। लैंगिक सशक्तिकरण सूचक (जीडीआई) जसले राजनीतिक सहभागीता, आर्थिक निर्णयमा सहभागिता र अवसर एवं शक्ति अभ्यासको अवस्थालाई देखाउँछ, यस्तो स्थितिमा पनि पहिलेको तुलनामा केही सुधार भएको छ। लैंगिक विकास र लैंगिक समानताको मापनका लागि विश्वव्यापी रुपमा आर्थिक सहभागिता र अवसर, शैक्षिक अवस्था, स्वास्थ्य लगायतका क्षेत्र रहेता पनि उपलब्धि सन्तोषजनक हुन सकेको छैन।

नेतृत्वमा महिला पुग्ने र पुर्याउने कुराको जति चर्चा गरेपनि व्यवहारिक सुधार भने सोंचे अनुरुप हुन सकेको छैन। विश्वब्यापीकरणको आजको युगमा महिलाका सर्वांगिण पक्षको विकास जरुरी छ। उनीहरु माथि हुने नितिगत र व्यवहारगत भेदभाव र हेयको पात्रको दृष्टिकोण हटाइनु पर्छ।त्यसका लागि महिला शिक्षा जरुरी छ । महिलाको सक्दो बढी राजनीतिक सहभागिता जरुरी छ। निम्न तहदेखि उच्च तहसम्म महिलाको पहुँच जरूरी छ ।
त्यो चाहे नीति निर्माण तहमा होस् वा शासन सत्ताको तप्कामा किन न होस्, महिला संख्या बढी भन्दा बढी हुनै पछ । स्थानीय तहको सन्दर्भमा प्रत्येक वडामा कम्तीमा दुई महिला सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था र प्रमुख र उपप्रमुखमा एक महिला उम्मेदवार हुनुपर्ने कानुनी व्यवस्थाले महिला संख्या बढाएको छ । तर नेतृत्वदायी भुमिकामा कमै मात्र देख्न सकिन्छ।मुख्य ठुला राजनितिक दल मानिएका तथा संसदमा रहेका मुख्य राजनीतिक दलको नेतृत्वमै महिला सहभागिता कम छ। नेपाली कांग्रेस प्युठानले जिल्लाको ६४ वटै वडामा भर्खरै नेतृत्व चयन गरेको छ। ६३ वटा वडामा सर्व सम्मत र नौ बहिनी गाउँपालिका वडा नं. ८ मा वडा सर्वसम्मत भएता पनि क्षेत्रिय प्रतिनिधिमा निर्वाचन मार्फत नयाँ नेतृत्व चयन गर्यो। जिल्लाका ६४ वटा वडामा नेतृत्व चयन गर्दा महिला सभापति एक जना पनि हुन सकेनन् । जिल्लामा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी छ ।

महिलाहरु आफु पनि पछि परेको र पुरुषबाट पनि पछि पारिने परिपार्टीले गर्दा एक जना पनि वडा सभापति महिला बनाउन नसकिएको कांग्रेस नेतृ निमा गिरी बताउँछिन् । क्रियाशिल सदस्यतामा पनि महिलाहरुको संख्या कम रहेको भन्दै नेतृ गिरीले आर्थिक, सामाजिक लगाएतका समस्याले पनि महिला नेतृत्वमा आउन नसकेको महिला नेतृहरुले गुनासो गरेको सुनिन्छ । वडाको कार्यकारी पद वडा सभापतिमा कांग्रेसले एक जना महिलालाई पनि लिन नसक्नु अत्यन्तै दुखद पक्ष हो । यो त एउटा उदाहरण मात्रै हो । अन्य राजनितिक दलहरुको पनि अवस्था उस्तै छ ।

संविधानमा व्यवस्था भएको समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला हुनुपर्ने भए पनि दलहरूले त्यो कार्यान्वयन गरेका छैनन् । सेवामा प्रतिस्पर्धा गर्ने महिला संख्या उल्लेखनीय रहेको लोकसेवा आयोगको तथ्यांकले देखाउँछ। नेतृत्वमा पुग्न प्रतिस्पर्धा गर्ने महिलाको संख्या पुरुषको तुलनामा बढी देखिन्छ । विश्वका धेरै मुलुकहरूमा जस्तै नेपालमा पनि महिला र पुरुषबीच ठूलो विभेदको अवस्था छ ।

सामाजिक, आर्थिक, शैक्षिक, राजनितिक, प्रसाशनिक लगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा महिलाको पँहुच न्यून रहेको छ । नेपालमा कुल जनसंख्याको आधा भन्दा बडी (५१ प्रतिशत हिस्सा ओगटेका महिलाहरू राज्यका हरेक पक्षमा पिछडिएका छन् ।

**गाउँपालिकावासीहरुमा अनुरोध**

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं । अति आवस्यक काम परी घर बाहिर जानैपर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ । भिडभाड नगरौं । भौतिक दुरी कायम गरौं । स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं । नियमित रुपमा साबुन पानीले हात धुने गरौं वा बेला बेलामा सेनीटाइजरको प्रयोग गरौं । सजग रहौं र सचेत रहँदै

**कोरोनाबाट आफू पनि बचौं र आरूलाई पनि बचाऔं ।**

अनुरोधक
**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,लिवासे प्यूठान**

## प्रदेश सरकार
## लुम्बिनी प्रदेश
## कृषि, खाद्य प्रविधि तथा भुमि व्यवस्थामन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान

## प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२७**

एकिकृत कृषि तथा पशुपन्छि विकास कार्यालय, प्यूठानको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/फार्म/कम्पनी/समूह/समिति र सहकारी संस्थाले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७८/०६/२५ गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| सुचना नं. | कार्यक्रमहरुको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | बजेट रु. लाखमा | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदानका सिमा र मापदण्ड | संलग्न गर्नुपर्ने आ. कागजात |
|---|---|---|---|---|---|---|---|
| ०७८/७९-१ | बाखा मिसन कार्यक्रम क्रमागत | पटक | २ | २५ | स्वास्थ्य, आहारा व्यवस्थापन, पुर्वाधार तथा बजारीकरण एवं तालिम सम्बन्धी | स्विकृत कार्यविधि बमोजिम | अनुसुचि-६, बमोजिमका कागजातहरु |
| ०७८/७९-२ | आलु मिसन कार्यक्रम क्रमागत | हेक्टर | ५० | १२.५ | उत्पादनोपरान्तका क्रियाकलाप, बजार व्यवस्थापन तथा प्रवर्द्धनका कार्यहरु | स्विकृत कार्यविधि बमोजिम | अनुसुचि-६, बमोजिमका कागजातहरु |
| ०७८/७९-३ | बडडाँडा-देविस्थान-भिँगृ मार्ग लक्षित बाखा उत्पादन कार्यक्रम- क्रमागत | संख्या | २ | १२.५ | उत्पादनोपरान्तका क्रियाकलाप, बजार व्यवस्थापन तथा प्रवर्द्धनका कार्यहरु | स्वीकृत कार्यविधि बमोजिम | अनुसूचि-५ बमोजिमका कागजातहरु |
| ०७८/७९-४ | बाग्दुला-मच्छी-सौतामारे मार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम- क्रमागत | संख्या | २ | १२.५ | उत्पादनोपरान्तका क्रियाकलाप, बजार व्यवस्थापन तथा प्रवर्द्धनका कार्यहरु | स्वीकृत कार्यविधि बमोजिम | अनुसूचि-५ बमोजिमका कागजातहरु |
| ०७८/७९-५ | अभियानमुखी मकै उत्पादन मिसन,साइलेज र दाना उत्पादनको लागि मकै मिसन कार्यक्रम-क्रमागत | हेक्टर | ५० | १२.५ | उत्पादनोपरान्तका क्रियाकलाप, बजार व्यवस्थापन तथा प्रवर्द्धनका कार्यहरु | स्वीकृत कार्यविधि बमोजिम | अनुसूचि-५ बमोजिमका कागजातहरु |
| ०७८/७९-६ | कागती, सुन्तला मिसन कार्यक्रम-क्रमागत | हेक्टर | ५० | १२.५ | विरुवा, मण्डारण, सिंचाई तथा अन्य खेती कार्यको लागी प्रयोग गरिने उपकरण खरिद | स्वीकृत कार्यविधि बमोजिम | अनुसूचि-६ बमोजिमका कागजातहरु |
| ०७८/७९-७ | स्थानीय तह संगको सहकार्यमा करार खेती क्रमागत | हेक्टर | ५ | ५ | जग्गा भाडा, उत्पादन मुखी क्रियाकलाप एंव पुर्वाधार विकास | स्वीकृत कार्यविधि बमोजिम | अनुसूचि-३ बमोजिमका कागजातहरु |
| ०७८/७९-८ | चिसोपानीमा मत्स्य पालन कार्यक्रम-क्रमागत | पटक | १ | ५ | उत्पादन सामग्री (आवश्यक पेलेट दाना, रसायन तथा औषधि) तथा फार्म संचालन सम्बन्धि अन्य क्रियाकलाहरु । | स्वीकृत कार्यविधि बमोजिम | अनुसूचि-३ बमोजिमका कागजातहरु |

**नोटः आलु मिसनको हकमा माथि उल्लेखित प्रस्ताव पेश गर्ने अन्तिम मिति १५ दिन (मिति २०७८/०६/१०) भित्र पेश गर्नु पर्नेछ । साथै सम्पुर्ण कार्यक्रमहरु माग गर्दा दर्ता नविकरण दस्तुरको रसिद समेत पेश गर्नु पर्नेछ ।**

**पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ । साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा यसै कार्यालयको वेभसाईट http:/.ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिने छ ।**

भास्कर पौडेल
कार्यालय प्रमुख

**रातामाटामा.....**

बाङ्गेशाल, खलंगा, भिंगृ लगायतका ठाउबाट बिरुवा लिन किसानहरु घरमै आइपुग्छन् । बढी भएका बिरुवा रोल्पा, अर्घाखाची, गुल्मि, भालुवाङ, देउखुरी लैजाने गरेको उनले बताए । तरकारी र बिरुवाबाट खर्च कटाएर उनले वार्षिक ५ लाख बचाउँछन् । यसैको कमाइवाट उनले छोराछोरीलाई उच्च शिक्षा पढाएका छन् । छोराले बिएस्सी पढिरहेका छन् भने छोरीले बिबिए पढाई गरीरहेका छन् । ३८ वर्षदेखि एउटै पेशा गरीरहेका उनले तरकारी र नर्सरी खेतीको कमाईबाट १ तले पक्कि घर बनाएका छन् । पोखेलबाट नर्सरी स्थापना गर्न सिकेका जिल्लामा दर्जनौं किसान रहेका छन् । तरकारीको नर्सरीसागै उनले श्रीखण्डका बिरुवा पनि उत्पादन गर्दै आएका थिए । यहाँ उत्पादन भएका श्रीखण्डका करिव २० हजार बिरुवा जिल्ला वन कार्यालयलाई बिक्रि बार्षीक रुपमा बिक्रि गर्ने गरेको सुनाए । बेर्ना कृषि कार्यालयले प्रमाणीकरण गरेर मात्र बिक्रि गर्ने गरेको उनले बताए । ३० रोपनी खेत भाडामा लिएर उनले ७ वर्षदेखि बिउ उत्पादन गर्दै आएको बताए । बिउ बिक्रिबाट वार्षिक २ लाखभन्दा बढी कमाइ हुदै आएको छ । वुवाको २०६१ सालमा मृत्यु भएपछि आर्थिक समस्या बढ्दा पोखेल रोजगारीका लागि भारतको मन्द्रास गएका थिए । त्यहा होटलमा गार्डको रोजागरी पाएका उनले सोचेजस्तो कमाउन सकेनन् । गाउँमा छदा नर्सरीको कमाई भन्दा गार्डको कमाई थोरै भएपछि फेरी जन्मभूमीमै फर्केर पुरानै पेशा गर्न थालेका हुन् । राज्य पूर्नसंरचना भएर स्थानीय तह कार्यान्वयन भएपछि भने उनको स्थानीय सरकार प्रति गुनासो छ । वर्षौंदेखि आफूले कृषि पेशा गर्दै आएपनि नगरपालिकाबाट अनुदान, प्रोत्साहन र भ्रमणका कार्यक्रममा सहभागी नगराएको उनले बताए । 'वडा कार्यालय र नगरपालिकाले प्रत्येक वर्ष सुचना निकाल्दा कैयौं पटक प्रस्तावना पेश गरे', उनले भने, 'दलका आसेपासे कार्यकर्ता छानिए तर म परिन, विभेद गरियो ।'

**कोरोना महामारीपछि ....**

औजार, उपकरण, पूर्वाधार निर्माण र बिमा आदि कार्यमा किसानहरुका लागि अनुदानको व्यवस्था गर्न स्थानीय सरकार तयार हुनु पर्दछ । थोक तरकारी बिक्री केन्द्र, सरकारी वा गैरसरकारी क्षेत्रबाट खाद्यान्न, फलफूल, माछा मासु, तरकारी दुग्ध प्रशोधन, वितरण र त्यसका औद्योगिक उत्पादन परिकारहरु गुणस्तरीय रुपमा बिक्री प्रवर्द्धनको जिम्मेवारी प्रदेशको क्षेत्रा धिकारमा राख्नु उपयुक्त हुन्छ । प्रतिस्पर्धात्मक रुपमा ठूलाठूला व्यापार मेलाहरुको आयोजना गर्ने, उत्पादक-उत्पादक तथा स्थानीय-स्थानीय तहका बीच प्रतिस्पर्धा गराउने र सबैभन्दा राम्रो काम गर्ने कृषक, समूह तथा स्थानीय तहलाई, जिल्ला प्रदेश र राष्ट्रिय तहको कृषि उद्यम पुरस्कार र पदकहरुले विभूषित गर्नु पर्दछ । स्थानीय तहबाट गरिने कार्यका लागि टोल विकास संस्थाहरुको गठन, कृषक समूह र सहकारीबीच तथा उनीहरुको सहभागितामा हुने हुनुपर्दछ । नेपालमा कृषि बिकासको अबस्थालाई नियाल्दा योजना निर्माण निकै राम्रो भएता पनि कार्यान्वयनको पाटो भने निकै कमजोर देखिन्छ । यस अबस्थामा यी बाहेक अन्य कार्यक्रमहरु आवस्यकता र मागको आधारमा तयार पार्दै कार्यनयन गर्दै जाने हो भने दिगोरुपमा आर्थिक विकास हुने कुरामा दुइमत छैन ।

## गाउँपालिकावासलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर प्यूठान**

तपाईको घर तथा अफिसको साथी.....
प्रो.सन्देश आचार्य
हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स


घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सम्बन्धी सामाग्रि आवस्यक परेमा हामीलाइ सम्झनुहोस् ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भुमि व्यवस्थामन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान

## प्रस्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२७**

एकिकृत कृषि तथा पशुपन्छि विकास कार्यालय, प्यूठानको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न तपशिलका समितिहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८/०६/१० गते) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| सुचना नं. | कार्यक्रमहरुको नाम | ईकाइ | कार्यक्रमको लक्ष्य | बजेट रु. लाखमा | कार्यक्रम संचालन गर्ने व्यवस्थापन समिति | अनुदानका सिमा र मापदण्ड |
|---|---|---|---|---|---|---|
| ०७८/७९-९ | स्मार्ट कृषि गाउँ कार्यक्रम -क्रमागत | संख्या | ९ | ३०० | औलेनी स्मार्ट, सरुमारानी १, मर्कावाङ स्मार्ट, माण्डवी २, कुसुण्डे स्मार्ट स्वर्गद्वारी न.पा.१, जनप्रिय स्मार्ट, मल्लारानी २, मरन्ठाना स्मार्ट, प्यूठान न.पा.९ र १०, दियाल्ना स्मार्ट झिमरुक ८, नौवहिनी स्मार्ट, नौवहिनी २ र ४, तिखाचुली स्मार्ट, गौमुखी ३, विजुलीकोट स्मार्ट, ऐरावति-६ | स्वीकृत कार्यविधि बमोजिम |
| ०७८/७९-१० | ब्लक विकास कार्यक्रम-क्रमागत | संख्या | ७ | ११५.२४ | - सिद्ध देउराली अदुवा बेसार ब्लक संचालन संमन्वय समिती,<br>- गौमुखि-५ र ७, स्वर्गद्वारी तरकारी उत्पादन ब्लक संचालन समन्वय समिती,<br>- स्वर्गद्वारी न.पा. ३, माण्डवि बाखा ब्लक संचालन समन्वय समिति, माण्डवि - १,३,४,<br>- ऐरावती वहुउदेश्यीय साना किसान सहकारी संस्था लीमिटेड, सरुमारानी -३, ४ र ५,<br>- स्याउलीवाङ आलु ब्लक विकास समन्वय समिति, नौबहिनी-१, स्याउलीबाङ,<br>- अदुवा वेसार ब्लक विकास समन्वय समिति, मल्लरानी - ३, चुजाठाटी,<br>- युग प्रभात कृषि सहकारी संस्था लि., ऐरावति -१, दाङबाङ | स्वीकृत कार्यविधि बमोजिम |

निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. सम्बन्धित निकायमा कृषक समुह/सहकारी/समिति/ कृषक फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२. कार्यक्रम संचालन हुने जग्गा/जमिनको लालपुर्जा वा तिरो तिरेको रसिद
३. समितिको निर्णय प्रतिलिपी
४. गत आ.व. को आन्तरिक लेखा परिक्षणको प्रतिवेदन र गत आ.व. को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी
५. विस्तृत कार्ययोजना
६. सम्बन्धित स्थानीय तह(वडा)र पालीकाको सम्बन्धित शाखाको सिफारिस
७. कार्यक्रमहरु माग गर्दा दर्ता नविकरण दस्तुरको रसिद समेत पेश गर्नु पर्नेछ ।

**पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ । साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा यसै कार्यालयको वेभसाईट** http:/.ialdopyuthan.lumbini.gov.np **बाट प्राप्त गर्न सकिनेछ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिने छ ।**

भास्कर पौडेल
कार्यालय प्रमुख

## एमसिसिविरूद्ध राजमो र विप्लवको विरोध प्रदर्शन

झुलेनी पोस्ट । राष्ट्रिय जनमोर्चा र नेपाल कम्युनिष्ट पार्टीले मिलिनियम च्यालेन्ज कर्पोरेशन (एम.सि.सी.) को विरुद्धमा प्रदर्शन गरेका छन् ।

संसदमा विचाराधिन अवस्थामा रहेको एमसिसिको विरुद्धमा राष्ट्रिय जनमोर्चा र विप्लव नेतृत्वको नेकपाले जिल्लाका छुट्टा छुट्टै स्थानमा विरोध प्रदर्शन गरेका हुन् । जनमोचाले एमसिसि बिरुद्ध सदरमुकाम खलंगामा प्रदर्शन गरेको हो । नेकपाले जुम्रीमा प्रदर्शन गरेको छ ।


नेपाल सरकार र संयुक्त राज्य अमेराकाको मिलेनियम च्यालेन्ज कर्पोरेसन अन्तर्गत मिलेनियम सम्झौताका बिरुद्ध प्रदर्शन गरिएको हो । एमसिसि संसदबाट पारित भए युद्धको रणभूमीमा परिणत हुने दुई दलको आसंका छ । यो सम्झौता राष्ट्रघाति भएकाले आफुहरु देशब्यापि प्रदर्शनमा उत्रिएको राजमो नेता बोम बहादुर खत्रिले बताए । नेकपाले ७७ पेज रहेको एसमसिसि सम्झौता जलाएको छ ।

यो सम्झौता राष्ट्रघाति भएकाले खारेज गर्नुको बिकल्प नभएको नेकपाका केन्द्रिय सदस्य जागृतीले बताए ।

## जनपत्रकारको अध्यक्षमा : राउत

*झुलेनी पोस्ट । जनपत्रकार संगठन नेपाल प्यूठानको जिल्ला अधिवेशन सम्पन्न भएको छ । नेपाल कम्युनिष्ट पार्टी निकट जनपत्रकार संगठन प्यूठानको अधिवेशनवाट राजेन्द्र रावत क्षेत्री जिल्ला अध्यक्षमा निर्वाचित भएका छन् । राजेन्द्र राउत क्षेत्रिको नेतृत्वमा निर्वाचित नयाँ कार्यसमितिलाई शुभकामना मन्तव्य दिदै नेपाल कम्युनिष्ट पार्टीका प्यूठान जिल्ला ईन्चार्ज जागृतीले परिवर्तन र राजनीतिक आन्दोलनहरुमा पत्रकारको प्रमुख भुमिका हुने हुनाले जनतामा विचार निर्माण गर्न, जनचेतना एवं दृष्टिकोण निर्माण गर्न र क्रान्तिको जग तयार गर्न पत्रकारहरुले निष्ठा र ईमानदारिताको साथ लाग्नुपर्ने वताउनु भयो । अधिवेशनवाट प्रेश स्वतन्त्रता सेनानी झपेन्द्रराज वैद्य, स्वर्गद्वारी क्याम्पसका पुर्व क्याम्पसप्रमुख मोहन गिरी र हरि वस्नेतलाई जिल्ला सल्लाहकारमा चयन गरेको छ ।*

## नेविसंघ कार्यकर्ता गुरुङ पक्राउ



*झुलेनी पोष्ट । आफ्नो ब्यक्तिगत सम्बन्ध र नेतासँग भनसुन गरी प्रहरीमा भर्ति गराएको भन्दै अफवाफ फैलाउने नेपाल विद्यार्थी संघका एक जना कार्यकर्ता पक्राउ परेका छन् । प्यूठानको ऐरावती गाउपालिका १ का नरेन्द्र गुरुङलाई पक्राउ गरि हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी प्रमुख शुनिल मल्लले जानकारी दिए ।*

*गृहमन्त्री बालकृष्ण खाँणलाई भनेर प्रहरीमा नाम निकालिदिएको दाबी गर्दै उनले सामाजिक सञ्जालमा प्रचार गरेका थिए । गुरुङले आफ्नो व्यक्तिगत पहल र नेपाली कांग्रेस प्यूठानका उपसभापति बद्री लम्साल समेतको सिफारिसमा प्युठानका ४१ जना युवाले प्रहरीमा नाम निकाल्न सफल भएको भन्दै सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । गुरुङलाई प्युठान नगरपालिका-३, स्थित जुम्रीबाट यसै शनिबार प्रहरीले पक्राउ गरेको थियो । सामाजिक सञ्जालमा यस्तो पोस्ट गरेपछी धेरैले आलोचना गरेका थिए उनले अहिले पोस्ट हटाएका छन् । भाद्र २७ गते देखि ७ दिनको म्याद थप गरि हिरासतमा राखेर अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।*

## क्रान्तिकारीको अध्यक्षमा विश्कर्मा

*झुलेनी पोस्ट । नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) प्यूठानको २० औं जिल्ला सम्मेलन सम्पन्न भएको छ । आइतवार जुम्रीमा सम्पन्न भएको सम्मेलनवाट अखिल (क्रान्तिकारी) प्यूठानको अध्यक्षमा प्रेम बिश्वकर्मा निर्वाचित भएका छन् । सर्वसहमत निर्वाचित जिल्ला समितिको उपाध्यक्षहरुमा सुन्दर के.सी. सुजाता थापा क्षेत्री, सञ्जय श्रेष्ठ र सुशीला घर्ती, सचिवमा आनन्द जि.सी., सहसचिव गिर जोन (बि.क.) र सुरज खनाल, कोषाध्यक्ष अनुज पछाई रहेका छन् । जिल्ला अधिवेशनको उद्घाटन सत्रमा मन्तव्य राख्दै अखिल क्रान्तिकारीका केन्द्रिय उपाध्यक्ष तिलकराज भण्डारीले विद्यार्थी आन्दोलनको अग्रणी संगठन अखिल क्रान्तिकारीले व्यवहारीक शिक्षा र शिक्षामा समान पहुँच एवं अधिकार स्थापित गर्नका लागी गरेका संघर्षहरुले नै आज शैक्षिक अवस्था सुधारोन्मुख रहेको वताउनु भयो । बिश्वकर्माको नेतृत्वको अखिल क्रान्तिकारीमा ४१ सदस्य जिल्ला कमिटी रहेको रहेको अखिल (क्रान्तिकारी) प्युठानले जानकारी दिएको छ ।*

## एमाले प्यूठानको जिल्ला भेला हुने

*झुलेनी पोस्ट । नेकपा एमाले प्यूठानको बिहिवार जिल्ला भेला हुने भएको छ । एमाले जिल्ला कमिटि प्यूठानको आइतवार पार्टी कार्यालय विजुवारमा सम्पन्न जिल्ला कमिटि बैठकले यस्तो निणर्य गरेको प्रचार विभाग प्रमुख नेगनसिंह कुवरले जानकारी दिए । भेलामा जिल्ला कमिटीका सदस्य, प्रदेशकमिटी, जनवर्गिय संगठनबाट १० जना प्रतिनिधि, गाउँपालिका संगठन कमिटी र वडा कमिटीका पदाधिकारीहरु सहभागि हुने कुवरले बताए । उनका अअनुसार बैठकले जनवर्गिय संगठनको बैठक तथा भेला गर्ने र जिल्ला कमिटीको संख्या २ सय १ रहेकोमा २४ जना थपेर २ सय २५ जना पुऱ्याउने समेत निणर्य गरेको छ । बेठकमा नेकपा एमालेका लुम्बिनी प्रदेश कमिटीका संयोजक लिला गिरी, प्रदेश कमिटी सचिवालय सदस्य हरि रिजाल, प्रदेश कमिटी सदस्य राम बहादुर के.सी, प्रदेश कमिटी सदस्य विजय विराज बिष्ट र प्रदेश कमिटी सदस्य कमला रिजाल लगायतको अथित्थ्यता रहेको थियो ।*

*सोही अवसरमा बोल्दै लुम्बिनी प्रदेश कमिटि संयोजक लिला गिरीले एमालेबाट माधव नेपाल समुह फुटेर गएको नभई चोइटिएर गएको संज्ञा दिए । प्रदेश स्तरमा लाभका लागि केहिँ प्रदेश सांसद गएपनि स्थानीयत स्तरमा यसको कुनै पनि असर नपरेको गिरीको जिकिर थियो । बैठकमा बोल्दै प्रदेश कमिटी सदस्य तथा प्यूठान क्षेत्र नं १ का प्रदेश सभासद हरी रिजालले लोभी पापिहरुले छुट्टै दल गठन गरेपनि नेकपा एमाले केहि असर नपरेको बताए ।*

*उनले नेपालभर रहेका कुल मध्येबाट ९ प्रतिशत मात्र अलग भएकाले यिनिहरु टुक्रिएको नभइ लाभ लिनका लागि छुट्टै दल गठन गरेर गएको संज्ञा दिए । बैठकमा जिल्लाका ९ वटै स्थानीय तहका पार्टी गाउँपालिका संयोजक तथा सचिवबाट पालिका स्तरको गतिबिधिको बारेमा जानकारी गराइएको थियो ।*

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान